# लुम्बिनी साँस्कृतिक नगरपालिकाका लागि वातावरणमैत्री स्थानीय शासन मार्गदर्शन, २०८०

कन्सल्टेन्ट:
**शताब्दी रिसर्च सेन्टर प्रा. लि., काठमाण्डौ**

मिति :२०८० पौष

# लुम्बिनी साँस्कृतिक नगरपालिकाको
# वातावरणमैत्री स्थानीय शासन  मार्गदर्शन, २०८०

स्थानीय तहमा वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, विपद व्यवस्थापन तथा जलवायु परिवर्तनसम्बन्धी विषयहरुलाई घरपरिवार तहसम्म अभियानको रुपमा संचालन गर्न लुम्बिनी साँस्कृतिक नगरपालिकाको मिति ........ को निर्णयबाट यो वातावरणमैत्री स्थानीय शासन मार्गदर्शन, २०८० जारी गरी कार्यान्वयनमा  ल्याइएको छ ।

# विषय-सूची


**अध्याय-१: प्रारम्भिक....................................................................................५**

१.१ पृष्ठभूमि............................................................................................................५

१.२ दीर्घकालीन सोच ....................................................................................................६

१.३ उद्देश्य ..............................................................................................................६

१.४ अपेक्षित प्रतिफलहरु.................................................................................................६

१.५ कार्यक्षेत्र ............................................................................................................७

१.६ सिद्धान्त ............................................................................................................७

१.७ मार्ग दर्शनको औचित्य ............................................................................................७

१.८ आधार दस्तावेजहरु..................................................................................................८

**अध्याय २ विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाहरू.....................................................९**

**अध्याय ३ लुम्बिनी साँस्कृतिक नगरपालिकाको वातावरणको वर्तमान अवस्था....................... १६**

३.१ विद्यमान वातावरणीय अवस्था ..................................................................................१६

३.२ वातावरणीय चुनौती र उपलब्धिहरु..............................................................................२३

**अध्याय-४: नगरपालिकाका वातावरणमैत्री स्थानीय शासनका सूचकहरु............................ २५**

४.१ घर-परिवार तह ..................................................................................................... २५

४.२ टोल तह.............................................................................................................. २८

४.३ वडा तह ............................................................................................................. ३०

४.४ नगरपालिका तह ....................................................................................................३३

**अध्याय ५ कार्यान्वयन व्यवस्था ............................................................. ४०**

५.१ कार्यान्वयन रणनीति.................................................................................................४०

५.२ कार्यान्वयनका चरणहरू...............................................................................................४०

५.३ उत्प्रेरणाका तरिका......................................................................................................४२

५.४ संस्थागत संरचना तथा क्षमता विकास सम्बन्धि व्यवस्था ............................................... ४४

अनुसूची १ ........................................................ ४९
वातावरणमैत्री स्थानीय शासनका आधारभूत सूचकहरू ........................................................ ४९
(ख) टोल तहका आधारभूत सूचकहरुः 50
अनुसूची- २........................................................ ५६
वातावरणमैत्री स्थानीय शासनका परिष्कृत (विकसित) सूचकहरू ........................................................ ५६
अनुसूची -३........................................................ ६६
नगरपालिकामा वातावरणमैत्री सार्वजनिक कार्यालयको आधारभूत सूचकहरु ........................................................ ६६
अनुसूची-४ ........................................................ ६९
मापन संयन्त्र र विधि........................................................ ६९
अभिमुखिकरण कार्यशाला गोष्ठिका तस्बिरहरू तथा उपस्थिति ........................................................ ७२

# अध्याय-१ः प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको अन्तरिम संविधान २०६३ ले स्वच्छ, वातावरणमा बाँच्न पाउने नागरिकका अधिकारलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । राज्यको निर्देशक सिद्धान्तमा राज्यले स्वच्छ वातावरण कायम गर्न आवश्यक व्यवस्था गर्ने, भौतिक विकास गतिविधिहरू गर्दा वातावरणलाई संरक्षण गर्ने, वातावरणीय सरसफाइबारे चेतना जगाउने, दुर्लभ वन्यजन्तु, वन, वनस्पति एवम् जैविक विविधताको संरक्षण गर्दै तिनीहरूको दिगो उपयोग गरी त्यसबाट प्राप्त हुने लाभलाई समतामूलक ढङ्गले उपयोग गर्ने कुरा उल्लेख गरिएको छ ।

दिगो विकास लक्ष्य, चालु राष्ट्रिय योजना, फोहोरमैला व्यवस्थापन ऐन तथा नियमावली, वातावरण संरक्षण ऐन तथा नियमावली, स्थानीय स्वायत्त शासन ऐन तथा स्थानीय स्वायत्त शासन नियमावली, राष्ट्रिय अनुकूलन कार्यक्रम, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, दीर्घकालीन कृषि नीति, स्थानीय पूर्वाधार विकास नीति, राष्ट्रिय ग्रामीण ऊर्जा नीति, सरसफाइ गुरुयोजना, स्थानीय निकाय स्रोत परिचालन तथा खर्च व्यवस्थापन कार्यविधि, स्थानीय शासन सञ्चालनमा सहयोग पुर्याउन मन्त्रालयबाट जारी भएका कार्यविधि एवम् निर्देशिकाहरू, स्थानीय निकायमा जाने अनुदानलाई कार्यसम्पादनमा आधारित बनाउन जारी भएका न्यूनतम शर्त तथा कार्य-सम्पादन मापनसम्बन्धी कार्यविधिहरूले फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापनसम्बन्धी आधारभूत कार्य स्थानीय निकाय आफैंले वा उनीहरूको नेतृत्व वा समन्वयमा सम्पादन हुने व्यवस्था गरेको छ।

उपर्युक्त नीतिगत प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न जनसहभागितालाई अपरिहार्य ठानिएको र स्थानीय निकायहरूमार्फत् दिगोरुपमा जनसहभागितामूलक विकास प्रक्रियालाई प्रोत्साहित गर्न र वातावरणमैत्री स्थानीय विकासको अवधारणालाई सार्थक पार्न यो वातावरणमैत्री स्थानीय शासनको मार्गदर्शन, २०८० तयार गरिएको छ ।

## १.२ दीर्घकालीन सोच

घर-परिवारदेखि गाउँ, नगर तथा जिल्लासम्म वातावरणीय शासनलाई स्थापित गरी सुन्दर र वातावरणमैत्री समाजको सृजना गर्नु यस मार्गदर्शनको दीर्घकालीन सोच रहेको छ ।

## १.३ उद्देश्य

यस वातावरणमैत्री स्थानीय शासनको मार्गदर्शन, २०८० का उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः

- स्थानीय योजना प्रक्रियामा वातावरणसम्बन्धी विषयहरू मूलप्रवाहीकरण गर्ने,
- स्थानीय शासन-पद्धतिलाई वातावरणमैत्री बनाउने,
- वातावरणमैत्री दिगो विकास हासिल गर्न आधारभूत स्तरदेखि नै सबैलाई जिम्मेवार गराउने,
- वातावरण र विकासमा समन्वय तथा सहकार्यलाई प्रोत्साहित गर्ने,
- दिगो विकास हासिल गर्ने ।

## १.४ अपेक्षित प्रतिफलहरु

यस वातावरणमैत्री स्थानीय शासनको मार्गदर्शन, २०८० बाट देहायका प्रतिफलहरु प्राप्त हुने अपेक्षा राखिएको छ ।

- स्थानीय निकायहरूको आवधिक तथा वार्षिक कार्यक्रमहरू वातावरणमैत्री बनाउन स्पष्ट खाका उपलब्ध हुने,
- नेपाल सरकारका विषयगत मन्त्रालय, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र सबैलाई यस खाकामा उल्लिखित सूचकहरू हासिल गर्ने गरी आफ्ना योजना तथा कार्यक्रम तर्जुमा गर्न आधार प्राप्त हुने,
- स्थानीय तहदेखि केन्द्रसम्म वातावरणमैत्री शासनको संस्थागत विकासमा सहयोग पुग्ने,
- आधारभूत तहदेखि नै वातावरणीय सचेतनामा वृद्धि हुने,
- वातावरण संरक्षणसम्बन्धी बहुपक्षीय कार्यहरूको प्रारम्भ हुने,
- देशभर वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापनका क्षेत्रमा सुधार हुने ।

## १.५ कार्यक्षेत्र

यस मार्गदर्शनका सूचकहरूलाई चरणबद्धरुपमा नगरपालिकाका सबै वडा, तथा बस्तीमा कार्यान्वयन गरिनेछ । नगरभित्रका सबै घरपरिवार यस मार्गदर्शनको प्रभावक्षेत्र भित्र पर्नेछन् ।

## १.६ सिद्धान्त

देहायको सिद्धान्तमा आधारित रही यो मार्गदर्शन तयार गरिएको छः

- घर-परिवार तहबाट सम्पादन हुने कामको लागि सोही तहलाई आवश्यक कार्य-वातावरणसहित जिम्मेवार बनाउनुपर्दछ र सो तहबाट सम्पादन हुन नसक्ने काममा मात्र माथिल्लो तहका निकायहरू संलग्न हुनुपर्दछ भन्ने सन्निकटताको सिद्धान्तको आधारमा यो मार्गदर्शन तयार गरिएको छ ।
- निक्षेपणको सिद्धान्तअनुसार स्थानीय तहमा वातावरण संरक्षणसम्बन्धी कार्य स्थानीय तहहरूको नेतृत्वदायी भूमिकामा सञ्चालन गर्न प्रोत्साहित गरिएको छ ।
- घर-परिवारदेखि जिल्लासम्मका विभिन्न तहमा वातावरण व्यवस्थापनको लागि सकारात्मक प्रतिष्पर्धा सिर्जना हुनेछ ।
- आफूले गरेको प्रदूषणको नैतिक तथा वित्तीय भार प्रदूषणकर्ता स्वयम्ले ब्यहोर्नुपर्छ भन्ने सिद्धान्तलाई यस मार्गदर्शनमा आत्मसात गरिएको छ ।
- वातावरण संरक्षणको अभियान सञ्चालन गर्दा सामााजिक न्याय, वातावरणीय न्याय तथा आर्थिक समताजस्ता दिगो विकासका अन्तर्निहित सिद्धान्तलाई अवलम्बन गरी तदनुरुपका सूचकहरू यस मार्गदर्शनमा स्थापित गरिएको छ ।
- वातावरण संरक्षणले विकासका वहुपक्षीय मुद्धाहरू जस्तैः गरिबी घटाउने, सरसफाइ हासिल गर्ने, शैक्षिक चेतना हासिल गर्ने, जनस्वास्थ्यको प्रवर्धन गर्ने आदि विषयहरूलाई एक-अर्काका परिपूरकका रुपमा हासिल हुने अवधारणा यस मार्गदर्शनमा अवलम्बन गरिएको छ ।

## १.७ मार्ग दर्शनको औचित्य

यस मार्गदर्शनको औचित्य देहायबमोजिम रहेको छः

- वातावरणमा परेका र पर्ने नकारात्मक असर भोग्ने अन्तमा घरपरिवार वा व्यक्ति नै हुने हुँदा वातावरण संरक्षणमा पनि व्यक्ति, घर-परिवार तथा समुदायको सहभागिता प्रवर्धन गर्नु,

- विकासबाट लाभ पाउने र विनाशबाट सीधै दुःख झेल्नुपर्ने घरपरिवारलाई वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा व्यापकरुपमा सरिक गराई जरैदेखि वातावरण संरक्षणका अभियान अघि बढाउन दिशानिर्देश गर्नु,
- फोहोरमैला व्यवस्थापन, जलवायु अनुकूलन, विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका सन्दर्भमा सबैको भूमिका स्पष्ट पार्नु,
- आ-आफ्नो जिम्मेवारी र हासिल गर्नुपर्ने नतिजाका सम्बन्धमा स्पष्टता ल्याउनु,
- वातावरण संरक्षणका लागि सबै साझेदारहरूबीच आर्थिक एवम् प्राविधिक सहयोग तथा सहकार्यको वातावरण सिर्जना गर्नु,
- सबै स्थानीय निकायहरूलाई वातावरण संरक्षण, फोहोर एवम् विपद् व्यवस्थापनका विषयमा सम्वेदनशील बनाउनु,
- स्थानीय योजना प्रक्रियामा वातावरणलाई मूलप्रवाहीकरण गर्नु ।

## १.८ आधार दस्तावेजहरु

वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापन सम्बन्धी विद्यमान संवैधानिक एवम् कानूनी व्यवस्था, यी कार्यहरू सम्पादन गर्न स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली र अन्य प्रचलित ऐन-कानूनहरूले स्थानीय तहहरूलाई प्रदान गरेको अधिकार एवम् जिम्मेवारी, दिगो विकास लक्ष्य तथा नेपाल सरकारका सम्बन्धित नीति एवम् रणनीतिहरू, स्थानीय तहहरूलाइ प्रदान गरिने अनुदान सञ्चालन कार्यविधि र कार्य-सम्पादन मूल्याङ्कन कार्यविधिहरू लगायत वातावरण, विपद् र सरसफाइ एवम् फोहोरमैला व्यवस्थापन सम्बन्धी नेपाल सरकारले जारी गरेका कार्यविधि, निर्देशिका, गुरूयोजनाहरूको विश्लेषण, सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया एवम् औपचारिक अनौपचारिक रुपमा प्राप्त विभिन्न सुझावहरूलाई आधार मानी यो मार्गदर्शन तयार गरिएको छ ।

# अध्याय २ विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाहरू

वातावरणमैत्री स्थानीय शासनसँग सम्बन्धित राष्ट्रिय नीति, ऐन कानून, नियमावली, निर्देशिकाहरूमा भएका व्यवस्थाहरूलाई सङ्क्षेपमा तलका अनुच्छेदहरूमा उल्लेख गरिएको छ ।

**नेपालको संविधान**

भाग ३ को धारा ३० मा स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक र धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था रहेको छ ।

**दिगो विकास लक्ष्य, २०१६-२०३०**

दिगो विकासका १७ वटा लक्ष्यहरु मध्ये लक्ष्य ६ ले सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता सुनिश्चित गर्ने लक्ष्य रहेको छ ।

**वन क्षेत्रको गुरु योजना, २०४६**

यस योजनाले जनतालाई दैनिक रुपमा जीवनयापन गर्न आवश्यक पर्ने वन पैदावारको उत्पादन र सदुपयोगलाई प्राथमिकता दिन निम्न उद्देश्य राखेको छः

- ✓ सर्वसाधारण जनताको आधारभूत आवश्यकता (काठ, दाउरा, डाले घाँस) को परिपूर्ति;
- ✓ वन र खेती प्रणालीवीच सामञ्जस्यता;
- ✓ पारिस्थितिकीय प्रणालीको सन्तुलन;
- ✓ वन पैदावारमा आधारित उद्यम विकास;

**पन्ध्रौं योजना, २०७६/७७-२०८०/८१**

परिच्छेद ७ को खण्ड ७.४ मा खानेपानी तथा सरसफाई सम्बन्धी योजना समावेश रहेको छ। यसको मुख्य उद्देश्यहरुमा खानेपानी तथा सरसफाईको दिगो सेवा प्रवाहमा संघीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलिकरण गर्दै क्षमता अभिवृद्धि गर्नु पनि एक रहेको छ। यस योजनाले वातावरण तथा जलवायु परिवर्तनको क्षेत्रमा प्रकृति तथा प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्ण उपयोग, स्वच्छ तथा स्वस्थ वातावरणका लागि प्रभावकारी वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तनका

प्रभावहरूलाई अनुकूलन गर्ने क्षेत्रगत लक्ष्य लिएको छ । यसका प्रमुख दुई उद्देश्य मध्येको एउटा उद्देश्यमा मानवीय गतिविधि एवम् विकास निर्माण कार्यलाई वातावरणमैत्री बनाई हरियाली विकास अवधारणा प्रवर्धन गर्ने, जलवायु परिवर्तनका दुष्प्रभावलाई अनुकूलन तथा न्यूनीकरण गर्ने रहेको छ । यस योजनाले देहायका रणनीतिहरू अवलम्बन गरेको छ ।

१. विकास कार्य सञ्चालन गर्दा वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने

२. प्राकृतिक प्रकोपको रोकथाम, गरिबी न्यूनीकरण, गरिबोन्मुख वातावरण आयोजना, जलवायु परिवर्तन अनुकूलनजस्ता कार्यको नियमितता तथा प्राकृतिक स्रोतहरूको दिगो संरक्षण तथा उपयोग गर्ने रहेका छन् । यसैगरी यसका कार्यनीतिहरूमाः

क) जलवायु अनुकूलन राष्ट्रिय कार्य-योजनाको कार्यान्वयन गर्ने निकायहरूको भूमिका र जिम्मेवारी निर्धारण गर्ने,

ख) स्थानीय तह, विकास साझेदार, गैसस र सामुदायिक संगठनहरूसँग सहकार्य गर्ने,

ग) वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने पूर्वाधारहरूको विकासमा जोड दिने,

घ) वातावरण र गरिबी न्यूनीकरणलाई एकीकरण गर्ने गरिबोन्मुख वातावरण कार्यक्रम सञ्चालन गर्ने, र,

ङ) प्राकृतिक स्रोत उपयोग गरेवापत प्राप्त हुने राजस्व आम्दानीको निश्चित प्रतिशत हिस्सा प्राकृतिक स्रोतहरूको संरक्षण र अनुसन्धानमा लगानी गर्ने परिपाटीको व्यवस्था गर्ने आदि रहेका छन् ।

यस योजनामा वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने पूर्वाधार विकासलाई सहभागितात्मक तवरबाट सञ्चालन गरिने कुरामा विशेष जोड दिइएको छ ।

## राष्ट्रिय वातावरण नीति, २०७६

यस नीतिको बुँदा ६ मा प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्धन गर्ने छ भने खण्ड ८ को बुँदा ८.१ मा वातावरणीय प्रदुषण रोकथाम, नियन्त्रण र न्यूनीकरण सम्बन्धी नीति रहेका छन्।

## भू-उपयोग नीति, २०७२

नीति ४ मा तहगत भू-उपयोग योजना अनुकुल हुने गरी भौतिक पूर्वाधार विकासका आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गरिने कुरा उल्लेख छ।

**वन नीति, २०७५**

यस नीतिको ८.१ नीति अन्तर्गतको कार्यनीतिमा राष्ट्रिय प्राथमिकता प्राप्त वा राष्ट्रिय गौरवका आयोजनाहरु सञ्चालन गर्न वन प्रयोग गर्नुको विकल्प नभएमा संघले कानून, निर्देशिका तथा कार्यविधिका आधारमा वन क्षेत्र प्रयोग गर्ने व्यवस्था गर्ने तथा वन क्षेत्र प्रयोग गर्दा घटेको वनको क्षेत्रफललाई परिपूर्ति हुने गरी संघले प्रदेश तथा स्थानीय तहसँग समेत समन्वय गरी वृक्षारोपण तथा वनको पुनर्स्थापना गर्ने कुरा उल्लेख छ ।

**राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६**

यस नीतिको उद्देश्य जलवायु उत्थान्शील समाजको विकास गरी राष्ट्रको सामाजिक आर्थिक समृद्धिमा योगदान पुर्याउने रहेको छ । यस नीतिको धारा ८ को उपधारा ८.७(ग) मा घरेलु तथा होटल व्यवसाय र अस्पतालहरुबाट निस्किने फोहोरमैलाको स्रोत मै वर्गीकरण गरी जोखिमपूर्ण र घातक फोहोरजन्य पदार्थको उचित व्यवस्थापन र अन्य जैविक फोहोरलाई उर्जा उत्पादनमा प्रयोग गर्न प्रोत्साहन गरिने उल्लेख गरिएको छ ।

**पूर्वाधार विकास आयोजनाका लागि जग्गा प्राप्ति,पुनर्वास तथा पुर्नस्थापना सम्बन्धी नीति, २०७१**

खण्ड ९ को बुँदा ९.१.१ मा आयोजनाबाट प्रभावित स्थानीय व्यक्ति/परिवार तथा समुदायका बहुमतबाट माग भै आएका आयोजना प्रभावित व्यक्ति/परिवारहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने खालका आयोजनाहरुमा स्वैच्छिक दानमार्फत जग्गा प्राप्त गर्न सकिने छ।

**वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७**

वातावरण संरक्षण ऐन, २०७६ ले मुलुकमा स्वच्छ तथा स्वस्थ वातावरण कायम राख्न, मानवमाथि हुने दुष्प्रभाव न्यून गर्न, वन, वनस्पति तथा जङ्गली जनावर, प्रकृति र भौतिक वस्तुको संरक्षण, एवम् दिगो विकासका लागि प्राकृतिक स्रोतहरूको उचित व्यवस्थापनद्वारा सन्तुलित वातावरण कायम गर्न संरक्षणका प्रावधानहरू उल्लेख गरेको छ । यसले विकास आयोजना सञ्चालन गर्ने निकायले विकास प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्नेबारे स्पष्ट उल्लेख गरेको छ ।

### लुम्बिनी प्रदेशद्वारा प्रकाशित वातावरण संरक्षण ऐन, २०७७

यस ऐनको दफा ३ मा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने, दफा ३ को उपदफा २ मा प्रतिवेदन स्वीकृतिको लागि पेश गरिने निकाय, त्यसैगरी सोही दफाको उपदफा ५ मा सार्वजनिक सुनुवाई, दफा ४ मा विकल्पको विस्तृत विश्लेषण, दफा ५ मा क्षेत्रनिर्धारण तथा कार्यसूची सम्बन्धी व्यवस्था रहेको छ । दफा ६ मा वातावरणीय व्यवस्थापन योजना, दफा ८ मा पूरक वातावरणीय अध्ययन प्रतिवदन तयार गर्नुपर्ने, दफा ९ मा वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था रहेको छ । त्यसैगरी दफा २८ मा अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था रहेको छ ।

### लुम्बिनी प्रदेशद्वारा प्रकाशित वन ऐन, २०७६

दफा ४३ वनक्षेत्रको प्रयोगः उपदफा (१) बमोजिम कसैले कुनै विकास आयोजना संचालन गर्दा वन क्षेत्रको जग्गा प्रयोग गर्नु पर्ने भएमा मन्त्रालयको सिफारिसमा प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्नुपर्ने व्यवस्था रहेको छ ।

### स्थानीय सरकार संचालन ऐन, २०७४

यस ऐन अन्तर्गत स्थानीय सरकारको काम कर्तव्य र अधिकारको हकमा दफा ११ उपदफा २ अन्तर्गत आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धि काम कर्तव्य सुझाईएको छ । दफा ११ उपदफा ४ को ङ(२४) ले स्थानीय स्थरमा प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ ।

### फोहोरमैला व्यवस्थापन ऐन, २०६८

यस ऐनले फोहोरमैला व्यवस्थापनमा केन्द्र देखि स्थानीय तहसम्मको भूमिका र जिम्मेवारीहरु स्पष्ट रुपमा परिभाषित गरेको छ । ऐनको परिच्छेद ३ ले फोहोरमैला व्यवस्थापनमा स्थानीय तहको जिम्मेवारी उल्लेख गरेको छ । यस परिच्छेदमा फोहोर संकलन केन्द्र, ल्यान्डफिल साईट, प्रशोधन केन्द्र, कम्पोष्ट प्लान्ट, बायोग्यास प्लान्ट जस्ता पूर्वाधारहरुको निर्माण र संचालन गरी फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको जिम्मेवारी हुने उल्लेख गरिएको छ ।

### भू-उपयोग ऐन, २०७६

यस ऐनको दफा ४ मा भू-उपयोग क्षेत्रको वर्गीकरण, दफा ८ मा भूउपयोग परिवर्तन गर्न नहुने, दफा १० मा जग्गाको खण्डीकरण नियन्त्रण र दफा २५ मा सजाय सम्बन्धी व्यवस्था गरेको छ ।

**जलस्रोत ऐन, २०४९**

यस ऐनको १९ को उपदफा २ अनुसार प्रदुषण सहन-सिमा नाघ्ने गरी कसैले पनि कुनै किसिमको फोहोरमैला, औद्योगिक निकास र रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्न नहुने कुरा उल्लेख भएको छ।

**संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३**

यस ऐनको दफा ३ मा दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको कारोबार वा व्यापार गर्न वा गराउन नहुने कुरा उल्लेख गरिएको छ ।

**जग्गा प्राप्ति ऐन, २०३४**

दफा ३ र ४ अनुसार सरकारले नेपालको जुनसुकै ठाउँमा जुनसुकै परिमाणमा सरकार वा सरकारी निकायले संचालन गर्ने कुनै पनि विकास योजनाका लागि आवश्यक पर्ने जग्गा ऐनले व्यवस्था गरे अनुसार मुआब्जा दिएर अधिग्रहण गर्न सक्छ ।

**भू-तथा जलाधर संरक्षण ऐन, २०३९**

यस ऐनको दफा १० मा प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गामा फोहोर राख्ने अथवा थुपार्ने ठाउँको निर्माण गर्न नपाइने कुरा उल्लेख गरिएको छ ।

**लुम्बिनी सरकारद्वारा प्रकाशित वातावरण संरक्षण नियमावली, २०७७**

यस नियमावलीको नियम ३ मा वातावरणीय अध्ययन गर्नुपर्ने प्रस्ताव अन्तर्गत अनुसूची १, अनुसूची २, अनुसूची ३ सँग सम्बन्धित प्रस्तावहरु, नियम ४ मा सार्वजनिक सुनुवाई गर्नु पर्ने, नियम ६ अनुसार क्षेत्र निर्धारण गर्नुपर्ने, नियम ७ मा कार्यसूची तयार गर्नु पर्ने, नियम ६ मा वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्ने, नियम १२ मा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी व्यवस्था रहेको छ।

**फोहोरमैला व्यवस्थापन नियमावली, २०७०**

यसको नियम ३, ४ र ५ मा फोहोरमैलालाई पृथकीकरण गर्ने, व्यवस्थापन गर्ने तथा हानिकारक वा रसायनिक फोहोरमैलाको व्यवस्थापनको बारेमा उल्लेख छ।

### वन नियमावली, २०५१

यस नियमावलीमा वन र वन्यजन्तु संरक्षणका लागि व्यवस्था गरिएका कानूनी प्रावधानहरू विस्तारित रूपमा उल्लेख भएका छन् । वन ऐनका आधारमा वनस्पतिका १३ वटा प्रजातिहरू संरक्षित प्रजातिको वर्गमा सूचीकृत गरिएका छन् । सरकारले ती प्रजातिहरूमध्ये चाँप, खयर र सालको कटानी, ढुवानी र निर्यातमा बन्देज लगाएको छ । वन नियमावलीले कुनै पनि वनक्षेत्र प्रयोग गरी संचालन गर्न स्वीकृत भएको योजना संचालनको सिलसिलामा गरिने वन पैदावारको कटानी र ढुवानीमा लाग्ने खर्च योजना प्रस्तावकले नै व्यहोर्नु पर्ने व्यवस्था गरेको छ।

### निर्देशिका/ मापदण्ड/कार्यविधि/कार्यनीति

### राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०

यस निर्देशिकाले वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रकृया र प्रभावहरुको तह निर्धारण गरी उल्लेखनीय पहिचान सरलिकृत गर्न सहयोग गरेको छ।

### वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९

यसले वायुको गुणस्तर सम्बन्धी विभिन्न आधारभूत सूचकहरु तोकेको छ।

### ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९

यसले विभिन्न क्षेत्रको लागि दिवा र रात्रि समयको लागि ध्वनिको सीमा तोकेको छ।

### राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२

यसले खानेपानीको विभिन्न सूचकांकहरुको अधिकतम सीमा तोकेको छ।

### अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरु

### जैविक विविधता महासन्धि, सन् १९९२

यस महासन्धिको धारा १४ मा कुनै पनि पक्ष राष्ट्रले विकास निर्माणका कार्यक्रमहरु संचालन गर्दा उक्त कार्यले जैविक विविधतामा पर्ने असरहरुको लेखाजोखा गर्न र वातावरणीय मूल्यांकन गर्नुपर्ने र वातावरणीय व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख रहेको छ।

## जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि, सन् १९९२

जलवायु परिवर्तनको प्रतिकुल प्रभाव न्यूनीकरण गर्दै, जलवायु अनुकुलित हुँदै, न्यून कार्वन-उन्मुख सामाजिक-आर्थिक विकास पथलाई अवलम्बन गर्दै, जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रमा भएको प्रतिवद्धता अनुरुप सहयोग तथा सहकार्यको प्रवर्धन गरी जीवनस्तरमा सुधार ल्याउनु यस नीतिको प्रमुख लक्ष्य रहेको छ ।

## सहस्राब्दी विकास लक्ष्य

सन् २००० मा विश्वका १८९ मुलुकका सरकार प्रमुख तथा राष्ट्राध्यक्षहरूले संयुक्त राष्ट्रसङ्घको साधारण सभाबाट घोषणा गरिएका प्रतिबद्धताहरूमध्ये वातावरण संरक्षण पनि एक रहेको छ । यस विश्वव्यापी प्रतिवद्धतामा जम्मा ८ वटा लक्ष्य निर्धारण गरिएको छ, जसमध्ये सातौंमा वातावरणीय दिगोपना सुनिश्चित गर्ने रहेको छ । यसका लक्ष्यहरू तथा सम्बन्धित सूचकहरू तल दिइएको छ।

१) दिगो विकासका सिद्धान्तहरूलाई देशको नीति/कार्यक्रममा समावेश गर्ने,

- वन क्षेत्रले ढाकेको भू-उपयोगको अनुपात
- कार्वनडाइअक्साइड उत्सर्जन र ओजोन तह विनाश गर्ने वस्तुको उपयोग
- सुरक्षित जैविक सीमामा माछाको उपलब्धता

२) सुरक्षित पिउने पानी प्राप्त गर्नबाट बञ्चित जनताको अनुपात आधा घटाउने, र

- सुरक्षित स्रोतबाट पिउने पानी प्रयोग गर्ने जनसङ्ख्या अनुपात र
- सुधारिएको सरसफाइ सुविधा उपयोग गर्ने जनसङ्ख्या अनुपात

३) असुरक्षित क्षेत्रमा बसोबास गर्ने कम्तीमा १० करोड मानिसहरूलाई सन् २०२० सम्ममा उत्साहवर्धक सुधार ल्याउने रहेको थियो ।

# अध्याय ३ लुम्बिनी साँस्कृतिक नगरपालिकाको वातावरणको वर्तमान अवस्था

लुम्बिनी साँस्कृतिक नगरपालिकाको वातावरणमैत्री स्थानीय शासन दिग्दर्शन तर्जुमा गर्नुको मुख्य उद्देश्य हावा, माटो, पानी, ठोस फोहोर, जलवायु, जैविक विविधता र प्रकोपबाट सामाजिक आर्थिक, संस्कृतिमा प्रतिकूल प्रभाव पार्ने विभिन्न गतिविधिहरूद्वारा हुने महत्त्वपूर्ण प्रभावहरूको जाँच गर्नु हो।

## ३.१ विद्यमान वातावरणीय अवस्था

स्थलगत भ्रमण र सरोकारवालाको परामर्शबाट लुम्बिनी साँस्कृतिक नगरपालिकाका विभिन्न वातावरणीय अवयवहरूको वातावरणीय अवस्था अध्ययन गरियो । वातावरणीय घटकहरूमा प्रमुख चुनौती र उपलब्धिहरू तलको तालिकामा देखाइएको छ।

| क्र.सं. | वातावरणीय अवयव | विद्यमान वातावरणीय अवस्था |
|---|---|---|
| १ | वायु | • सवारीसाधनको उत्सर्जन, फोहोर जलाउने, इँटा उद्योगबाट निस्कने, साना घरेलु उद्योगबाट निस्कने र सडकबाट निस्कने धुलो प्रदूषण नगरपालिकामा वायुको गुणस्तर खस्किनुको प्रमुख कारण हो।<br>• घरघरमा खुला फोहोर जलाउँदा गम्भीर समस्या उत्पन्न भएको छ। सबै वडामा फोहोर जलाउने चलन देखिएको छ । प्लाष्टिकका झोला र बोतलहरू मुख्यतः जलेका छन् ।<br>• खुला ठाउँ क्षेत्रमा र हरेक घर तथा संस्थानमा जलाउने अभ्यासका कारण प्लाष्टिक जलाउनुको कारण उत्सर्जन प्रमुख पाइन्छ।<br>• हार्वेस्टिङ पोष्ट जलाउनु नगरपालिकामा देखिएको अर्को गम्भीर समस्या हो। बालीको अवशेष जलाउनाले बिरुवा र माटो दुवैको लागि राम्रो हुने भएकाले कीरा, झारपात र रोग नियन्त्रणमा सहयोग पुग्ने किसानको विश्वास छ । एकै |

| | | |
|---|---|---|
| | | समयमा, खरानीले मलको रूपमा काम गर्दछ। तर, नगरपालिकामा बाली भित्र्याएपछि जलाउने पराल, छवाली, नल आदिले वायु प्रदुषण बढेको छ ।<br>• नगरपालिकामा दुईपाङ्ग्रे मोटरसाइकल, तीनपाङ्ग्रे अटो रिक्सा र सिटी सफारी, चारपाङ्ग्रे बस, जीप, ट्र्याक्टर, ट्रक र पाँच र सात पाङ्ग्रे सवारीसाधन पाइन्छ । यी सवारी साधनबाट निस्कने प्रदूषण र सडकको धुलो वायु प्रदुषणको प्रमुख कारण हो ।<br>• नगर सफारी, साइकल र विद्युतीय मोटरसाइकल नगरपालिकामा पाइने वातावरणमैत्री सवारी साधन हुन्।<br>• जाडो मौसममा उच्च वायु प्रदूषण स्तरले सामान्य र तत्काल स्वास्थ्य समस्याहरू निम्त्याउँछः चिसो, खोकी र नाक, आँखा र घाँटी जलन।<br>• नगरपालिकामा वायु प्रदूषणको साथ बालीमा कीराको आक्रमण बढी हुन्छ।<br>• स्थानीय सरकारको कुनै परिभाषित भूमिका छैन जसले वास्तवमा वायु प्रदूषण नियन्त्रणमा मद्दत गर्दछ।<br>• वातावरणमैत्री निर्माण अभ्यासको अनुसरण भएको छैन । निर्माण सामाग्रीहरु जथाभावी ढङ्गबाट खुला स्थानमा छाड्ने र ढुवानी गर्ने, निर्माण भएका स्थानमा वायु प्रदुषण नियन्त्रण सम्बन्धी उपायहरु पर्याप्त मात्रामा नअपनाइने, सडक, बाटोहरुको यथासमयमै मर्मतसम्भार नगरिने र गुणस्तरयुक्त सडक निर्माण नहुने गरेकोले पनि वायु प्रदुषण बढेको देखिन्छ । नियमित मर्मतसम्भार नगरिएका कालोपत्रे सडकका बस्ती क्षेत्रहरुमा बेला बेला पानी छम्कनुपर्ने देखिन्छ । |
| २ | जल | • नगरपालिकामा खोला, सिँचाइ नाला, इनार र माछापोखरी जस्ता जलस्रोतहरू पाइन्छन्। |

| | | |
|---|---|---|
| | | • ५०% भन्दा बढी नदीहरू गैरमौसमी र ५% मौसमी छन्।<br>• नगरपालिकाका प्रमुख नदीहरू तिनाउ, तेलार, दानव र कोठी नदी हुन् त्यसै गरी कोइलीहवा खोला र काली दह हुन्।<br>• स्थानीय जनताले नदी किनारमा फोहोर फाल्ने अभ्यासले गम्भीर वातावरणीय र जनस्वास्थ्य समस्या सिर्जना गरेको छ।<br>• नदीमा केकडा, भ्यागुता र विभिन्न प्रजातिका माछाहरू जस्ता जलीय जीवहरू पाइन्छ।<br>• नगरपालिकाका खोलाहरूमा हिले, पोथी, बाम, मगुर, फुइया, सोल र बराली लगायतका माछा पाइन्छ। किसानहरूले आफ्ना निजी पोखरीहरूमा साझा कार्प, सिल्भर, बिग हेडकार्प र ग्रासकार्प खेती गर्छन्।<br>• प्राकृतिक पोखरीमा स्थानीय माछाको विविधता र संख्या विगतको तुलनामा घट्दै गएको छ ।<br>• नगरपालिकामा सार्वजनिक पोखरी र धेरै माछा पोखरीहरू छन्। यस नगरपालिकामा करिव १५० पोखरी छन् । सार्वजनिक पोखरी सरसफाई र मर्मत सम्भारको जिम्मेवारी नगरपालिकाले लिएको छ।<br>• नगरपालिकामा नदीको जल प्रदूषणको प्रमुख कारणहरू नदीमा फोहोर फाल्ने, खेतीयोग्य जमिनबाट निस्कने फोहोर, पौडी खेल्ने, नुहाउने, धुने र उद्योगबाट निस्कने प्रदूषकहरू हुन् ।<br>• घोडे, पानीदुबो, काली झार, बासो, लहरे झार, पिरे झार, जल कुम्भ (इकोर्निया एसपी), नगरपालिकामा पाइने आक्रामक जलीय वनस्पतिहरू हुन्।<br>• नगरपालिकाको पानीका स्रोतहरु र नाली तथा ढलहरुको उचित व्यवस्थापन हुन सकेको छैन ।<br>• सिंचाईका लागि डिप बोरिङ गरिंदा भूमिगत जलस्रोतको अत्यधीक दोहन गरेको छ र भूमिगत पानीको सतह घट्दै |

| | | |
|---|---|---|
| | | गएको छ । |
| ३ | जमीन | • नगरपालिकामा माटो प्रदुषणको मुख्य कारणहरु अकार्बनिक मल, विषादीको प्रयोग र उद्योगहरुबाट निस्कने प्रदूषक हुन्। विषादिहरुको प्रयोग जथाभावी ढङ्गबाट हुने गरेको छ र बाँकी रहेका विषादिको विसर्जन पनि सही किसिमले हुन सकिराखेको छैन ।<br>• दिसाजन्य लेदो व्यवस्थापन उपयुक्त ढंगबाट हुन सकेको छैन ।<br>• सबै वडाहरूले बालीको उत्पादकत्व बढाउन र कीरा नियन्त्रण गर्न अजैविक मल र कीटनाशकहरू प्रयोग गर्छन्।<br>• नगरपालिकाले प्राङ्गारिक मल तथा विषादी प्रवर्द्धन कार्यक्रम सुरु गरेको छ ।<br>• नगरपालिकाले स्थानीय किसानहरूलाई माटोको गुणस्तर संवर्धन सम्बन्धी सचेतना र तालिम कार्यक्रम प्रदान गरेको छ।<br>• कृषि शाखासँग समन्वय गरी नियमित रुपमा माटोको गुणस्तर परीक्षण गर्ने त्यही अनुसार उर्वरता कायम राख्न माटोको गुणस्तर सुधार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।<br>• जैविक मलको वितरण र एकीकृत कीट व्यवस्थापन (IPM) मा किसानहरूलाई सशक्तिकरणले किसानहरूलाई आफ्नो खेतको व्यवस्थापन गर्न सक्षम बनाएको छ। |
| ४ | फोहरमैला व्यवस्थापन | • नगरपालिकामा फोहोरमैला व्यवस्थापनको समस्या भविष्यमा गम्भीर समस्या बन्न सक्छ किनभने यो नगरपालिका नेपालको तराई क्षेत्रमा रहेको छ जहाँ जनसंख्या तीव्र गतिमा वृद्धि भइरहेको छ।<br>• वधशालाहरुबाट निस्कने फोहरको उचित व्यवस्थापन हुन सकेको छैन । |

| | | |
|---|---|---|
| | | • ठोस फोहोर फाल्ने ठाउँहरू निश्चित नभएकाले मानिसहरूले नघट्ने फोहोरलाई खुल्ला ठाउँहरूमा जथाभावी विसर्जन गर्छन्, यद्यपि एक सरसफाई केन्द्रको निर्माण भने भएको छ ।<br>• खुला ल्यान्डफिल साइटको उपस्थिति र वैज्ञानिक सेनेटरी ल्यान्डफिल साइटको अभावले नगरपालिकामा फोहोरमैला व्यवस्थापनमा डरलाग्दो अवस्था सिर्जना गर्न सक्छ।<br>• प्लास्टिक फोहोर संकलन र चेतनाको अभावका कारण नगरपालिकामा प्लास्टिक फोहोरलाई खुल्ला रूपमा जलाउने गरेको देखिन्छ ।<br>• रिसाइकल र पुनः प्रयोग अभ्यास मात्र धातु फोहोरको लागी सीमित छ।<br>• कुहिने फोहोरलाई कम्पोष्ट बनाउने जस्ता परम्परागत फोहोर व्यवस्थापन अभ्यासहरू घरायसी तहमा मात्र पाइन्छ।<br>• हाल घरपरिवार र सडकबाट फोहोर सङ्कलन गर्ने प्रणाली रहेकोले घरघर र सडकमा खुला फोहोर जलाउने कार्यमा कमी आएको छ।<br>• फोहरमैला व्यवस्थापनका लागि मानिसको व्यवहार परिवर्तन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने देखिएको छ । प्लाष्टिकजन्य फोहरहरु जलाउनु नहुने, प्लाष्टिकको उपयोगलाई नियन्त्रण गरिनुपर्ने, जैविक र अजैविक फोहरलाई छुट्ट्याउनुपर्ने, खुला स्थानमा जथाभावी फोहर नफ्याँक्ने, पर्याप्त डष्टबिनहरुको व्यवस्था गर्ने, जैविक फोहरलाई कम्पोष्ट मल बनाउन प्रोत्साहित गर्नुपर्ने जस्ता सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । |
| ५ | जलवायु परिवर्तन | • हालैका वर्षहरूमा वर्षाको ढाँचामा परिवर्तन भएको छ। स्थानीयवासीले जानकारी दिएअनुसार वर्षा अनिश्चित हुने र जनजीवनमा फरक फरक असर परेकाले स्थानीयका लागि |

| | | |
|---|---|---|
| | | चिन्ताको विषय बनेको छ ।<br>• स्थानीयवासीले जानकारी दिए अनुसार परेको अनियमित वर्षाले कृषि बाली र जनताको जीविकोपार्जनमा असर परेको छ। गत दशकको तुलनामा गर्मी र जाडोमा तापक्रममा वृद्धि र कमी हुने गरेको स्थानीय जनताले अनुभव गरेका छन् ।<br>• विगत दशकहरूको तुलनामा औसत वार्षिक वर्षा घटेको छ र मनसुन अवधि घटेको छ।<br>• लामखुट्टे बढेको छ र जाडो मौसममा बाँच्न पनि विभिन्न संक्रामक रोगहरूको सम्भावित प्रसारण सिर्जना गरेको छ। |
| ६ | जैविक विविधता | • नगरपालिकाले स्थानीय जनतालाई नगरपालिकाभर आवासीय रुख रोपण व्यवहारमा उत्प्रेरित गरेको छ।<br>• स्थानीय जनताका अनुसार विभिन्न प्रकारका आक्रामक प्रजातिहरूले स्थानीय प्रजातिहरूलाई असर गरेको छ। स्थानीयहरूले पहिचान गरेका केही आक्रामक प्रजातिहरू हुन् एजेराटिना एडेनोफोरा (बनमारा), एजेराटम कोनोजोइड्स (गान्धे), मिकानिया मिक्रान्था, इपोमिया कार्निया (बसाराम झार), लान्टाना क्यामेरा, क्रोमोलेना ओडोराटा, अल्टरनेन्थेरा फिलोक्सेरोइड्स (जलजाम्युट्ह्यान्स्फोरा)।<br>• नगरपालिकामा पाइने प्रमुख रूख प्रजातिहरू साल, सिमल, सिसौ, कदम, सागौन हुन्। |
| ७ | विपद व्यवस्थापन | • बाढी, डुबान, नदी किनार काट्ने, खोला सर्ने र आगलागी नगरपालिकाका प्रमुख प्राकृतिक विपद हुन्।<br>• नगरपालिकाका सबै वडाहरू बाढी र डुबानको जोखिममा छन्।<br>• प्रत्येक वर्ष बाढी र डुबानले बालीमा क्षति, सम्पत्तिको क्षति र मानवीय क्षति निम्त्याउँछ।<br>• नदीको तटबन्ध, ग्याबियन पर्खाल निर्माण, बाँस पिलिङ बाढी नियन्त्रणका लागि लिइएका प्रमुख कार्यहरू हुन्। तर, बाढीको |

| | | |
|---|---|---|
| | | प्रभाव अझै नियन्त्रण बाहिर छैन ।<br>• नगरपालिकाको तल्लो जमिन तराई क्षेत्रमा अवस्थित छ त्यसैले मनसुनमा बाढी आउँदा डुबान धेरै हुन्छ। डुबानमा परेका क्षेत्रबाट पानीको सतहलाई नियमित गर्न पानीको बाटोको च्यानलिङ नै मुख्य काम हो। यसबाहेक डुबान नियन्त्रणका लागि नगरपालिकाले भरपर्दो योजना र नीति बनाएको छैन ।<br>• नगरपालिकामा प्रभावकारी पूर्व चेतावनी प्रणाली अवस्थित छैन।<br>• आकस्मिक वा जानाजानी मानवीय आगो नगरपालिकामा आगलागीको मुख्य कारण हो। फोहोर जलाउने र भू–उपयोग परिवर्तनका लागि जानाजानी आगो लगाउने जस्ता लापरवाहीका कारण यस्ता आगो लाग्ने गरेको छ । कहिलेकाहीं खडेरीका कारण आगलागी हुने गरेको पनि देखिएको छ ।<br>• नगरपालिकाले विपद व्यवस्थापन योजना बनाएर त्यसको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । |
| ८ | स्वास्थ्य र सरसफाई | • पर्याप्त मात्रामा शुद्ध र सफा खानेपानीको आपूर्ति हुन सकेको छैन । खानेपानीको नियमित रुपमा गुणस्तर परीक्षण गर्ने र सोही अनुसार खानेपानी शुद्धिकरणका उपायहरुको अनुसरण गर्नुपर्ने देखिन्छ ।<br>• स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन हुन सकेको छैन ।<br>• ग्रामीण बस्तीहरुमा दाउरा, गुईंठा आदि परम्परागत इन्धनका स्रोतहरुको उपयोग हुने भएकोले घरभित्रको वायुप्रदुषणबाट हुने श्वासप्रश्वासजन्य समस्याहरु छन् ।<br>• सार्वजनिक शौचालयहरु पर्याप्त मात्रामा र आवश्यक स्थानहरुमा उपलब्ध हुन सकेका छैनन् । घरहरुमा हुने शौचालयहरुमा पर्याप्त पानी र सरसफाईको व्यवस्था हुन सकेको छैन ।<br>• विद्यालय, सरकारी कार्यालय तथा सार्वजनिक स्थानमा शौचालयहरु पर्याप्त संख्यामा हुनुपर्ने तथा तिनमा पानी र |

| | | |
|---|---|---|
| | | सरसफाईको पर्याप्त प्रबन्ध मिलाउनुपर्ने देखिन्छ । ती शौचालयहरु महिला र अपाङ्गमैत्री समेत हुनुपर्ने देखिन्छ । प्रयोग भईसकेका स्यानिटरी प्याडहरुको व्यवस्थापनमा ध्यान दिइनुपर्छ ।<br>• लामखुट्टे तथा अन्य हानिकारक कीट नियन्त्रण कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । |
| ९ | हरियाली व्यवस्थापन | • नगरपालिकाभित्रका केही सार्वजनिक स्थानमा रुखहरु भएपनि सबै सार्वजनिक स्थानहरुको पहिचान गर्ने, तिनमा हरियाली प्रवर्धन गर्ने, सडक किनारामा वृक्षारोपण गर्ने, व्यवस्थित उद्यानहरुको योजनाबद्ध ढङ्गबाट निर्माण गरिने काम हुन सकेको छैन ।<br>• निजीघर कम्पाउण्ड तथा सार्वजनिक खुला स्थानहरुमा वृक्षारोपण गर्ने हरियाली प्रवर्धन गर्ने कामले अपेक्षित व्यापकता पाउन सकेको छैन ।<br>• वृक्षारोपण अभियानलाई व्यापक बनाउन स्थानीय समुदाय र क्लवहरुसँग समेत सहकार्य र समन्वय गरिनुपर्ने देखिन्छ ।<br>• सबै विद्यालय तथा सरकारी कार्यालयहरुमा हरियाली प्रवर्धनका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । |

## ३.२ वातावरणीय चुनौती र उपलब्धिहरु

| क्र.सं. | विवरण | वातावरणीय चुनौती र उपलब्धिहरु |
|---|---|---|
| १ | वातावरणीय व्यवस्थापन सम्बन्धी स्थानीय स्तरका नीतिहरू | • (बिईस, आईईई, ईआईए, खानी, निर्माण-सडक, उद्योग, भवनको लागि स्थानीय अनुगमन निकायहरू)<br>• नगरपालिकाले भूउपयोग योजना तर्जुमा गरेता पनि कार्यान्वयन हुन सकेको छैन ।<br>• पर्या पर्यटन सहितको पर्यटन गुरुयोजना तर्जुमा र कार्यान्वयन हुन सकेको छैन ।<br>• फोहोरमैला व्यवस्थापन योजना तयार हुनसकेको छैन। |

| | | |
|---|---|---|
| | | • नगरपालिका कार्यपालिकाको कार्यालयमा प्राकृतिक स्रोत व्यवस्थापन समिति गठन भएको छ । |
| २ | ऊर्जा | • खाना पकाउन एलपीजी, दाउरा र गाईको गोबरको प्रयोग।<br>• नगरपालिकामा राष्ट्रिय विद्युत ग्रिड विस्तार गर्ने । |
| ३ | भौगर्भिक अवस्था | • नगरपालिकाको अधिकांश भूभाग समतल जमिनले ढाकेको छ। |
| ४ | जलविज्ञान | • स्थानीय बासिन्दाका अनुसार हरेक वर्ष खडेरीको गम्भीरता बढ्दै गएको छ ।<br>• मनसुनको समयमा ठूला बाढी आउने क्रम बढेको छ ।<br>• नदीको छेउमा बसोबास गर्ने समुदायलाई बाढीले ठूलो असर गरेको छ । |

# अध्याय-४: नगरपालिकाका वातावरणमैत्री स्थानीय शासनका सूचकहरु

<u>वातावरणमैत्री स्थानीय शासनका सूचक:</u> वातावरणमैत्री स्थानीय शासनका सूचक मानका रुपमा घरपरिवार, टोल, वस्ती, वडा तथा नगर तहका लागि देहायका छुट्टाछुट्टै सूचकहरूको व्यवस्था गरिएको छः-

**(क) आधारभूत सूचकः**

वातावरणमैत्री घोषणा हुनको लागि घरपरिवारदेखि नगरसम्म अनिवार्य रूपमा पुरा गर्नुपर्ने गरी अनुसूची-१ मा व्यवस्था गरिएका सूचकहरू आधारभूत सूचक हुन्।

**(ख) परिष्कृत सूचकः**

आधारभूत तहभन्दा माथिल्लो स्तरको सूचकहरुलाई अनुसूची-२ बमोजिम परिष्कृत सूचकको रूपमा राखिएको छ। वातावरणमैत्री घोषणा हुनको लागि आधारभूत सूचकहरु पुरा गरी परिष्कृत सूचकमा तोकिएको अङ्कभार प्राप्त गरेको हुनुपर्नेछ।

**(ग) विशेष सूचकः**

नगरपालिका तथा नगरपालिका भित्रको निश्चित भौगोलिक क्षेत्रमा विशेष सोचका साथ कुनै खास बातावरणीय विशेषतायुक्त नमूना बस्ती घोषणा गर्ने प्रयोजनका लागि सम्बन्धित वडाको अनुरोधमा नगरपालिकाले विशेष सूचक निर्धारण गर्न सक्नेछ ।

## ४.१ घर—परिवार तह

**कः आधारभूत सूचकहरु**

**तालिका २ः आधारभूत सूचकहरु**

| सूचकहरू | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | **क) सरसफाइ र स्वास्थ्य** | | | |
| प्यान (Water Seal) सहितको चर्पी | १. घर कम्पाउण्डभित्र प्यानसहितको चर्पी प्रयोगमा आएको,<br>२. आफ्नो घर—पालुवा कुकुरलाई घर | | | |

| सूचकहरू | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | कम्पाउण्डभन्दा बाहिर लगी दिसा गराउने नगरेको, | | | |
| २. घर कम्पाउण्डभित्र फोहोरको उचित व्यवस्थापन | १. आफ्नो घर भान्साको फोहोर सड्ने र नसड्ने प्राङ्गारिक र अप्राङ्गारिक) गरी विभाजन गरेको,<br>२. सड्नेलाई आफैं वा समूह बनाई मल बनाउने गरेको,<br>३. नसड्ने फोहोरमध्ये प्लाष्टिकलाई छुट्टै थैलोमा जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरेको,<br>४. अन्य फोहोरमध्ये हानिकारक फोहोर (जस्तो ब्याट्री, सि.एफ्.एल्. चिम, फुटेका सिसा, बोतल, ट्युबलाइट आदि ) र अन्य फोहोर छुट्याई छुट्टाछुट्टै जम्मा गरी निर्धारित स्थलमा जम्मा गर्ने गरेको । | | | |
| ३ व्यक्तिगत सरसफाइ | १. घर-परिवारका सबै सदस्यले खाना खानुअघि हात धुने गरेको,<br>२. शौचालय नजिक साबुन—पानीको व्यवस्था भएको, | | | |
| **ख) नवीकरणीय ऊर्जा** | | | | |
| १. ऊर्जाको उपयोग | १. घरभित्र ऊर्जा खपत कम गर्ने चिमको प्रयोग भएको<br>२. घरभित्र विद्युतको लागि डिजेल, मट्टितेल वा पेट्रोलबाट चल्ने उपकरणहरू प्रयोगमा नल्याएको ।<br>३. खाना पकाउनको निमित्त गुइँठा तथा दाउराको प्रयोग नगरेको । | | | |
| **ग) हरियाली⁄सहरी सौन्दर्य** | | | | |

| सूचकहरू | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| १. हरियाली तथा सहरी सौन्दर्य प्रवर्धन | १. घर—आँगनमा कम्तीमा तीन थरीका फूल बिरुवा वा यस्तै सजाउने कम्तीमा दुई थरीका बोटबिरुवा भएको<br>२. घर—परिसरमा बहुबर्षीय खालका कम्तीमा दुईवटा रुख भएको वा आफ्नो घर जग्गामा बिरुवा रोप्ने ठाउँ नभएको अवस्थामा घरको छानो छतमा स—साना किसिमका बहुबर्षीय कम्तीमा दुईवटा रुखबिरुवा भएको । | | | |
| **घ) खानेपानी** | | | | |
| १ वर्षातको पानीको सङ्कलन भण्डारण | १. बर्षातमा घर कम्पाउण्डभित्र परेको पानी ढल वा नालामा नपठाई सङ्कलन/भण्डारण गर्ने गरेको वा आफ्नै घर—कम्पाउण्डमा जमिनभित्र जाने व्यवस्था गरेको । | | | |

**खः परिष्कृत सूचकहरु**

**तालिका १ः परिष्कृत सूचकहरु**

| सूचकहरू | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| **क) सरसफाइ र स्वास्थ्य** | | | | |
| १. सेप्टिक टयाङ्कीसहित पक्की चर्पी | १. सेप्टिक टयाङ्कीको व्यवस्था भई दिसापिसाब ढलमा मिसाउने नगरेको, | | | * |
| २ घर—आँगनबाहिर सडकको सरसफाइ स्थिति | १. सार्वजनिक सडकको आफैं वा सामूहिकरुपमा वा ज्यालामा मानिस लगाई कम्तीमा हप्ताको एकपटक आफ्नो घर—आँगन बाहिरको सडक वा बाटो सफा राख्ने गरेको | | | * |
| ३ प्लाष्टिकका झोला नियमन | १. सबै प्रकारका प्लाष्टिकका झोला प्रयोग नगरी आवश्यक पर्दा जुट, कपडा वा कागजका झोला | | | * |

| सूचकहरू | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | प्रयोग गर्ने गरेको र यस सम्वन्धमा टोल सुधार समितिसमक्ष लिखित प्रतिबद्धता गरेको । | | | |
| **ख) ऊर्जाको प्रयोग** | | | | |
| १. वैकल्पिक ऊर्जाको प्रयोग | १. घरमा बायोग्यास वा सौर्य बिजुली प्रयोग गरेको | | | * |
| **ग) हरियाली तथा सहरी सौन्दर्य** | | | | |
| १ घर—परिसरमा खुला ठाउँको व्यवस्थापन | १. घर कपाउण्डभित्र कम्तीमा एक तिहाइ जमिन घर नबनाई खाली राखेको । | | | * |
| २ शहरी सौन्दर्य | १. आफ्नो घरअगाडि बाहिरबाटै देखिने गरी २ वटा गमलामा टोलको सहमतिअनुसारको जातको फूल रोपेको (घरअगाडि यस्तो फूलसहितको गमला राख्ने स्थान नभएमा सडकबाट देखिने गरी कौसी, बरण्डा वा उपयुक्त स्थानमा सुरक्षित तरिकाले राख्न सकिने)<br>ध्वनि प्रदूषण नरहेको, | | | ** |

## ४.२ टोल तह

**क: आधारभूत सूचक**

| सूचकहरु | बिस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| आफ्नो टोलका कम्तीमा ९० प्रतिशत घरधुरी आधारभूतरुपमा वातावरणमैत्री घोषणा भएको । | | | | |
| **क) संस्थागत व्यवस्था, सरसफाइ र सुन्दरता** | | | | |
| १. टोल सुधार संस्था गठन | स्थानीय टोल/समुदायमा त्यहाँका ८०% वा सोभन्दा बढी घर—परिवार संलग्न भएको टोल सुधार समिति गठन भएको । | | | टोल संस्थाको दर्ता प्रमाणपत्र र सदस्यता देखिने दस्तावेज । |
| २. टोल | समुदायका सदस्यहरूले न्यूनतम वार्षिक २ पटक आफ्नो टोल समुदायको क्षेत्रभित्र सामूहिकरुपमा | | | टोल क्षेत्रमा सरसफाइ |

| सूचकहरु | बिस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| आफ्नो टोलका कम्तीमा ९० प्रतिशत घरधुरी आधारभूतरुपमा वातावरणमैत्री घोषणा भएको । | | | | |
| सरसफाइ अभियान | सरसफाइ अभियान सञ्चालन गर्ने गरेको । | | | (घरेलु फोहोर, झारपात, प्लाष्टिक तह लगाएको अवस्था) टोल सुधार समितिको निर्णय |
| ३. संस्थाको वातावरणिय सुशासन | समितिले मासिक बैठक र वार्षिक साधारण सभा गरी स्थानीय वातावरण संरक्षणसम्बन्धी छलफल गरी वातावरण संरक्षण सम्बन्धी निर्णय गरेको ।<br>समितिले हरेक वर्ष विश्व वातावरण दिवसको दिन वातावरण संरक्षणसम्बन्धी सामूहिक क्रियाकलाप सञ्चालन गरेको । | | | समितिको निर्णय पुस्तिकाहरू अध्ययन गर्ने । |
| ४.सहरी सौन्दर्य प्रवर्धन | टोलबासीको सहमतिअनुसार टोलभरिका सबै घर-परिवारलाई कम्तीमा दुईवटा गमलामा मौसम अनुसार एकै जातका फूलहरू रोपी घरबाहिर सडकबाटै देखिने गरी राख्न लगाएको, | | | अवलोकन |

## कः परिष्कृत सूचकहरु

| सूचकहरु | बिस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| १. सार्वजनिक क्षेत्रको सरसफाइ | आफ्नो टोलभित्रका सार्वजनिक क्षेत्र, जस्तै– सडक, नाला, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, खेत, बारी, कान्ला, वन, चौर आदि क्षेत्रमा प्लाष्टिक, नसड्ने खालका फोहोर तथा खुला दिसा (मान्छे तथा कुकुरको) नरहेको | | | * |
| २. टोलमा हरियाली प्रवर्धन | टोलका सडकहरूको फुटपाथमा नगरपालिकाले तोकिदिए बमोजिम प्रजाति र परिमाणमा रुखहरू लगाई हरियाली | | | ** |

| सूचकहरु | बिस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | प्रवर्धन गरेको | | | |

## ४.३ वडा तह

### क: आधारभूत सूचक

| सूचकहरु | मापन गर्ने आधारहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| वडाभित्र पर्ने सबै टोल⁄बस्तीहरूमध्ये कम्तीमा ९० प्रतिशत टोल⁄बस्ती वातावरणमैत्री प्रमाणित भएको । | | | | |
| **क) खानेपानी तथा सरसफाइ** | | | | |
| १ खानेपानी | वडामा भएका सबै खानेपानीका मुहानको लगत राखेको,<br>सबै मुहानहरूमा छेकवार, वृक्षरोपण वा उपयुक्त उपाय अवलम्बन गरी संरक्षण गरेको,<br>सार्वजनिक धारा तथा ईनार सफा राखेको,<br>खानेपानी वितरण पाइपहरूबाट पानीको चुहावट नभएको । | | | तराईमा ईनार वा चापाकलको लगत राखे, |
| २.फोहोरमैला व्यवस्थापन | घर–परिवारबाट सङ्कलित नसड्ने फोहोर तोकिएको स्थानमा विसर्जन गर्ने गरेको,<br>घर–परिवारबाट सङ्कलित प्लाष्टिक वडा कार्यालय आफैंले किन्ने वा कुनै सङ्घसंस्था वा व्यक्तिले किन्ने व्यवस्था मिलाएको । | | | |
| ३.एक वडा एक पोखरी | वडाभित्रका सबै पोखरीको लगत कायम गरेको,<br>वडाभित्र साविकमा पोखरी नभएको भए कम्तीमा एउटा पोखरी निर्माण गरी व्यवस्थापन गरेको,<br>सबै पोखरी संरक्षणका लागि समिति गठन भै पोखरी संरक्षित भएको । | | | |
| **ख) विपद् व्यवस्थापन** | | | | |
| १. आपतकालीन सुरक्षित क्षेत्र | विपद् अवस्थामा तत्काल उद्धारका लागि वडा समितिको निर्णयबाट सुरक्षित स्थल निर्धारण गरेको,<br>निर्धारित सुरक्षित स्थलमा सबैलाई जानाकारी दिने गरी | | | |

| सूचकहरु | मापन गर्ने आधारहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| वडाभित्र पर्ने सबै टोल/बस्तीहरूमध्ये कम्तीमा ९० प्रतिशत टोल/बस्ती वातावरणमैत्री प्रमाणित भएको । | | | | |
| | सूचनापाटी राखिएको । | | | |
| **ग) बन तथा भू संरक्षण** | | | | |
| १. एक वडा एक नर्सरी | वडाक्षेत्रमा कम्तीमा एउटा फलफूल, फूल वा रुख सम्बन्धी नर्सरी रहेको । | | | निजी क्षेत्रले वा साझेदारीमा वा वडा वा सरकारी स्तरबाट नर्सरी स्थापना गर्न सकिने |

**खः परिष्कृत सूचकहरु**

| सूचकहरु | बिस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण र व्याख्या |
|---|---|---|---|---|
| **क) खानेपानी तथा सरसफाइ** | | | | |
| सडक नालाको व्यवस्थापन | वडाका सबै सडकहरूमा बर्षातको पानी बगी निकास हुने कुलेसो/ नाली भएको। | | | * |
| **ख] कृषि** | | | | |
| प्राङ्गारिक कृषितर्फको अग्रसरता | वडाका व्यावसायिक कृषकहरूमध्ये कम्तीमा ५० प्रतिशत कृषकले रासायनिक कीटनाशक औषधीको नकारात्मक असरबारे तालिम प्राप्त गरेको, वडाका व्यावसायिक कृषकहरूमध्ये कम्तीमा १० प्रतिशत कृषकले एकीकृत कीट व्यवस्थापनसम्बन्धी तालिम प्राप्त गरेको । | | | ** वडाभित्र रहेका व्यावसायिक कृषकको लगत, जम्मा कृषकमध्ये उल्लेखित तालिम प्राप्त गर्ने कृषकहरूको विवरण, |

| सूचकहरु | बिस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण र व्याख्या |
| --- | --- | --- | --- | --- |
| प्राङ्गारिक खेती | वडाका कम्तीमा ५०% कृषकहरूले रासायनिक विषादी प्रयोग नगरी खेतीपाती गरेको,<br>वडाका कम्तीमा ५०% कृषकहरूले रासायनिक मल प्रयोग नगरी खेतीपाती गरेको । | | | **सहभागितात्मक लेखाजोखा, सहकारी संस्थाहरूमा रहेका विवरण,<br>कृषि सेवाकेन्द्र/ उपकेन्द्रमा रहेको विवरण |
| | | ग) विपद् व्यवस्थापन | | |
| स्थानीय विपद् व्यवस्थापन समिति गठन र क्षमता विकास, | स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिकाले तोकेबमोजिम वडास्तरमा सामुदायिक विपद् व्यवस्थापन समिति गठन भएको,<br>वडामा विपद् जोखिम न्यूनीकरण तथा उद्धार सम्बन्धमा युवा, आमा समूह, वन उपभोक्ता समितिजस्ता सामाजिक सङ्घसंस्थाका प्रतिनिधिहरूलाइ समेटी<br>वडाका कम्तीमा १०% घर-परिवारका सदस्यहरूलाई विपद् जोखिमबारे तालिम दिएको । | | | **<br><br>तालिम सम्बन्धि वार्ड कार्यालयमा रहेको विवरण |
| | | घ) वन तथा भू संरक्षण | | |
| खाली तथा प्रति जग्गामा बृक्षरोपण तथा उद्यान व्यवस्थापन | वडा क्षेत्रको हालको खाली–पर्ती जग्गामध्ये कम्तीमा १० प्रतिशत जग्गामा वार्षिक रुपमा रुख / डालेघाँस / फलफूलका बिरुवा रोपी हुर्काएको,<br>वडाभित्रको सबै खाली पर्ती जग्गाको एकिन लगत राखिएको,<br>वार्षिकरूपमा वृक्षारोपण गरिएको र बिरुवा हुर्काइएको क्षेत्रफलसहितको लगत राखिएको,<br>आफ्नो वडाभित्र कम्तीमा एक रोपनी | | | **** |

| सूचकहरु | बिस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण र व्याख्या |
|---|---|---|---|---|
| | क्षेत्रफलमा एउटा उद्यान, क्रिडास्थल, पार्क वा खुला क्षेत्र रहेको । | | | |

## ४.४ नगरपालिका तह

**क: आधारभूत सूचकहरु**

**तालिका :आधारभूत सूचकहरु**

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| सबै वडाहरूले वातावरणमैत्री आधारभूत सूचकहरू पूरा गरी वातावरणमैत्री वडाको रुपमा घोषणा भएको । | | | | |
| **क) खानेपानी तथा सरसफाइ** | | | | |
| खानेपानीको रणनीतिक योजना (Strategic Plan) निर्माण | बढ्दो सहरी जनसंख्याका लागि खानेपानी आवश्यकता पूरा गर्ने रणनीतिक योजना नगरसभावाट स्वीकृत भएको । | | | स्वीकृत रणनीतिक योजना दस्तावेज |
| ल्याण्डफिल साइटको सञ्चालन | कुहिने फोहोर तथा प्लास्टिक छुट्याइसकेपछि बाकि रहेको फोहोरको उचित एवम् उपयुक्त व्यवस्थापन गर्न ल्याण्डफिल साइटको व्यवस्था भएको । | | | ल्याण्डफिल साइटको लागि छुट्याइएको जग्गाको लगत र क्षेत्रफल, सञ्चालन मिति तथा नगरपालिकको निर्णय । |
| सार्वजनिक शौचालयको व्यवस्था | बसपार्क र मुख्य हाटबजार स्थलमा सार्वजनिक शौचालयहरूको व्यवस्था भएको । | | | |

| | | | | |
|---|---|---|---|---|
| प्लाष्टिक प्रयोगमा बन्देज | नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय मापदण्ड अनुरूप नगरसभाको निर्णयबाट प्लाष्टिक प्रयोगमा बन्देज गरिएको ।<br>प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको । | | | |
| **ख) विपद् व्यवस्थापन** | | | | |
| चालु अवस्थाको दमकल | नगरपालिकामा २४ घण्टा सञ्चालन हुने गरी चालु अवस्थाको दमकल रहेको । | | | |
| विपद् व्यवस्थापन समितिको सक्रियता र कोष व्यवस्थापन | नगर स्तरमा स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको,<br>नगर स्तरमा विपद् व्यवस्थापन कोषको व्यवस्था भएको,<br>नगरक्षेत्रमा विपद् व्यवस्थापनका लागि तालिम दिन सक्ने कम्तीमा एकजना जनशक्ति भएको । | | | |
| राष्ट्रिय भवन संहिताको पालना | नगरक्षेत्रमा भवन निर्माण गर्दा राष्ट्रिय भवन निर्माण संहिता पालना गर्ने कुरा नगरसभा निर्णय भएको<br>भवन निर्माण गर्दा राष्ट्रिय भवन निर्माण संहिता कार्यान्वयन गर्ने गरिएको,<br>राष्ट्रिय भवन निर्माण संहितालाई नक्सापासको स्थानीय मापदण्डसँग आबद्ध गरिएको । | | | |
| **ग) वन तथा भू संरक्षण, जैविक विविधता र हरियाली** | | | | |
| पार्कको सञ्चालन | नगरबासी बालबालिकाहरूलाई पायक पर्ने कम्तीमा एक स्थानमा मनोरञ्जन पार्क वा बालउद्यान निर्माण गरी सञ्चालनमा ल्याएको । | | | |
| **ध्वनि प्रदूषण नियन्त्रण** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. ध्वनिको अधिकतम स्तर | आवास क्षेत्र, अस्पताल क्षेत्र, व्यापारिक क्षेत्र आदि विभाजन गरी नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुकूल ध्वनिको अधिकतम स्तर निर्धारण गरिएको,<br>निर्धारित स्तरभन्दा बढी ध्वनि प्रदूषण गर्नेलाई दण्डित गर्ने व्यवस्था गरिएको । | | | |

**खः परिष्कृत सूचकहरु**

| सूचकहरु | मापन गर्ने आधारहरु | छ | छैन | स्तरीकरण र व्याख्या |
|---|---|---|---|---|
| | **क) सरसफाई** | | | |
| ल्याण्डफिल साइटको वैज्ञानिक व्यवस्थापन | ठोस फोहोरमैला छुट्याई (प्राङ्गारिक/अप्राङ्गारिक) Recycle and Reuse नहुने र कम्पोष्ट पनि नबन्ने फोहोरमात्र निर्धारित ल्याण्डफिल साइटमा व्यवस्थापन गर्ने गरिएको ।<br>बसपार्क र मुख्य हाटबजार स्थलमा लैङ्गिक, बालबालिका तथा अपाङ्गमैत्री सार्वजनिक शौचालयहरूको व्यवस्था भएको । | | | ** |
| ढल प्रशोधनसम्बन्धी व्यवस्था | ढललाई जैविक वा इन्जिनियरिङ्ग प्रविधिबाट प्रशोधन गरिएपछि मात्र नदीमा पठाइएको अवस्था । | | | ** |

| | | | | |
|---|---|---|---|---|
| होटेल, तथा रेष्टुरॉहरूको अनुगमन | नगरपालिकामा होटल, रेष्टुरॉ, बार, भोजनालय, चमेनागृह, आदिबाट प्रदान गर्ने सेवाको गुणस्तर सम्बन्धमा अनुगमन गर्ने संरचना भएको,<br>कम्तीमा महिनाको एकपटक अनुगमन गर्ने गरिएको,<br>अनुगमन गरी प्राप्त सबै प्रतिवेदन बमोजिम कार्बाही भएको । | | | *** नगरक्षेत्रभित्रका होटल, रेष्टुरॉ, बार, भोजनालय, चमेनागृह, आदिको लगत<br>मिसावटयुक्त, सडेगलेका र बासी खाद्यान्न तथा अस्वस्थकर खानेपानी आपूर्ति गरेका कारण कार्बाहीमा परेका होटल आदिहरूको विवरण |
| **ख) कृषिक्षेत्र** | | | | |
| कृषि उत्पादनमा एकीकृत कीट व्यवस्थापन | नगरक्षेत्रमा नगरपालिकाको समेत साझेदारीमा एकीकृत कीट व्यवस्थापनसम्बन्धी कार्य भएको । | | | * |
| **ग) नवीकरणीय ऊर्जा** | | | | |
| सडक बत्तीका लागि सौर्य ऊर्जा | सबै मूल सडकहरूमा सडक बत्तीका लागि सौर्य ऊर्जाको प्रयोग गरेको | | | * |
| सार्वजनिक शौचालयहरू (बसपार्क, विद्यालय, हाटबजार) बाट बायोग्यास उत्पादन | सार्वजनिक शौचालयहरू (बसपार्क, विद्यालय, हाटबजार) बाट बायोग्यास उत्पादन गर्न नगरपालिकाबाट प्राविधिक तथा आर्थिक सहयोग भए/गरिएको । | | | * |
| **घ) विपद् व्यवस्थापन** | | | | |
| **विपद् जोखिमको नक्साङ्कन** | विपद् जोखिमका दृष्टिले बढी खतरा स्थानहरूको पहिचान गरिएको,<br>बढी जोखिमयुक्त ठाउँमा ठूला संरचना निर्माणमा रोक लगाइएको । | | | ** |
| **ङ) रोजगारी सिर्जना** | | | | |

| | | | | |
|---|---|---|---|---|
| **रोजगारी र फोहोर व्यवस्थापन** | प्लाष्टिक सङ्कलन, पुनः प्रयोग तथा व्यवस्थापन गर्ने कार्यका लागि वडाका कम्तीमा २ जना व्यक्तिलाई तालिम दिइएको,<br>तालिम प्राप्त व्यक्तिलाई प्लाष्टिक सङ्कलन गर्ने कार्यमा लगाइएको,<br>प्लाष्टिकको पुनः प्रयोग गरी सामग्री उत्पादन गर्ने कार्यमा नगरपालिकाले सहयोग गरेको । | | | *** |
| **च) शिक्षा** | | | | |
| **विद्यालयमा वातावरणीय शिक्षा** | विद्यालयको वार्षिक कार्यतालिकामा कम्तीमा महिनामा १ पटक वातावरणसम्बन्धी अतिरिक्त क्रियाकलाप गर्ने व्यवस्था भएको,<br><br>नगरपालका आफैं वा विभिन्न सङ्घसंस्थाको माध्यमबाट वातावरणसम्बन्धी अतिरिक्त क्रियाकलाप गर्न विद्यालयलाई सहयोग पुऱ्याएको । | | | ** |
| **छ) वन, भू—संरक्षण, जैविक विविधता र हरियाली** | | | | |
| **हरियाली सडक प्रवर्धन** | सडक दायाबाँया फुटपाथमा टोल/बस्तीलाई परिचालन गरी उपयुक्त प्रजातिका बोटबिरुवा लगाएको । | | | ***<br>सम्बन्धित कार्यका लागि बजेट एवम् कार्यक्रम स्वीकृत गरेको, बृक्षरोपण गरिएको क्षेत्रको अवलोकन |
| | सार्वजनिक सबै बाँझो जग्गा नदीनाला खोल्सा किनाराहरूमध्ये कम्तीमा वार्षिक १० प्रतिशतका हिसाबले वृक्षारोपण गरी संरक्षण गरेको । | | | |
| | भू-क्षय तथा बाढीका सम्भाव्य स्थानहरूमा संरक्षणका उपायहरू अवलम्बन गरेको । | | | |
| **ज) भौतिक पूर्वाधार विकास** | | | | |

| | | | | |
|---|---|---|---|---|
| **भूउपयोग नक्सा** | नगरको भू-उपयोग नक्सा तयार भएको,<br>नक्सा कार्यान्वयनका लागि नगर सभाबाट निर्णय भएको,<br>स्वीकृत भूउपयोग नक्सा बमोजिम बाहेक अन्य निर्माण कार्यमा रोक लगाइएको | | | *** |
| **पार्किङ स्थल व्यवस्थापन** | सवारी साधनहरू पार्किङका लागि मुख्य बजार केन्द्रहरूमा सार्वजनिक पार्किङ्गस्थल तोकेको,<br>पार्किङस्थलमा हरियालीका लागि बहुवर्षीय रुखहरू रोपिएको | | | ** |
| **पशु वधशाला व्यवस्थापन** | नगरमा स्वस्थ र सफा मासु आपूर्तिका लागि उपयुक्त स्थानमा पशु बधशाला सञ्चालनमा रहेको ।<br>नगरक्षेत्रमा खुला एवम् अव्यवस्थित तरिकाले पशुबध गर्न निषेध गरिएको। | | | ** |
| **सडक मापदण्ड निर्धारण र कार्यान्वयन** | नगरभित्रका सबै सडकको मापदण्ड (Right of Way) निर्धारण गरिएको,<br>सवै बस्तीहरूमा दमकल र एम्बुलेन्स जान सक्ने भएको,<br>मापदण्ड विपरीत निर्माण भएका संरचना नियमितरुपमा जरिवानासहित भत्काउने गरिएको । | | | *** |
| **झ) औद्योगिक प्रदूषण नियन्त्रणसम्बन्धी** | | | | |

| | | | | |
|---|---|---|---|---|
| **औद्योगिक प्रदूषण नियमन** | नगरक्षेत्रभित्र सञ्चालनमा रहेका उद्योगहरूको लगत तयार भएको,<br>नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको उद्योगहरूको प्रदूषण स्तर वर्गीकरण गरी अभिलेख तयार भएको,<br>नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेको उद्योगहरूबाट भएको प्रदूषणको गुनासो सम्बन्धी अभिलेख तयार भएको । | | | *** |

# अध्याय ५ कार्यान्वयन व्यवस्था

## ५.१ कार्यान्वयन रणनीति

- स्थानीय योजना प्रक्रियामा मूलप्रवाहीकरण,
- मुख्य उत्प्रेरकको रुपमा सकारात्मक प्रतिष्पर्धा,
- संस्थागत संरचना र क्षमता विकास,
- सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन,
- सचेतना अभियान,
- समन्वय, सहकार्यसहित स्थानीय तहको नेतृत्वदायी भूमिका,
- निरन्तर अनुगमन, मूल्यांकन, पृष्ठपोषण तथा सुधार ।

## ५.२ कार्यान्वयनका चरणहरू

### क) प्रचार—प्रसार

विभिन्न सञ्चार माध्यमबाट (टेलिभिजन च्यानल तथा रेडियो एवम् छापा माध्यम आदिबाट) व्यापक रुपमा सन्देशमूलक प्रचार—प्रसार गरी सबै घर—परिवारलाई आफ्नो घर, सबै टोलबस्तीलाई आफ्नो टोल तथा नगर नै वातावरणमैत्री बनाउन प्रेरित गरिनेछ । सरल भाषामा सूचनामूलक सामग्री तयार गरी वडासम्म पुऱ्याइने छ । सम्बन्धित सबै सरोकारवालाहरूलाई यस अवधारणाको बारेमा अभिमुखीकरण गरिनेछ । यस्तो अभिमुखीकरण विद्यालयहरूमा समेत सञ्चालन गरिनेछ ।

### ख) संस्थागत व्यवस्था

नगरपालिकाले यस खाकामा तोकिएबमोजिम वातावरणमैत्री शासन नगर समन्वय समिति गठन गर्नुपर्नेछ । सूचकहरूको मापनका लागि टोलबस्ती तहदेखि केन्द्रसम्म संरचनाहरू रहनेछन् ।

नगरपालिकामा वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापनसँग सम्बन्धित क्षेत्रमा काम गर्ने सबै सङ्घसंस्थालाई यस खाका बमोजिमका सूचकहरू प्राप्त गर्ने गरी काम गर्न नगरपालिकाले आवश्यक समन्वय गर्ने तथा निर्देशन दिनेछ ।

## ग) क्षमता विकास

### १. टोल/समुदाय तह

- नगरपालिकामा कार्यरत सामाजिक परिचालक, स्वास्थ्य स्वयंसेविका एवम् यस प्रकारका कार्य गर्ने अन्य सङ्घ संस्थाका परिचालकहरूको कार्यजिम्मेवारी र भूमिका थप गरी परिचालन गर्ने,
- टोल विकास संस्थाका सदस्यहरूलाई फोहोरमैलाको उचित व्यवस्थापनसहित वातावरणमैत्री स्थानीय शासनसम्बन्धी प्रशिक्षण दिने ।
- नगरभित्र समुदाय/टोल एवम् वडाहरूमा वातावरणमैत्री स्थानीय शासनबारे प्रचार/प्रसार गर्ने।
- टोल समुदायमा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- टोल विकास संस्थाका सदस्यहरूले आआफ्नो छिमेकका घर—परिवारका महिला/पुरुषलाई घर—परिवारका लागि तयार गरिएका सूचकहरू हासिल गर्ने तरिकाबारे जानाकारी प्रदान गर्ने।
- कृषक तहमा अगुवा कृषकहरूमार्फत् प्राङ्गारिक खेती, उन्नत खेती, खेतबारी संरक्षणबारे प्रदर्शनी/चेतना जागरण, सीप प्रदान गर्ने/गराउने ।

### २. वडा तह

- वडामा रहेका स्वास्थ्य स्वयंसेविका, वडा नागरिक मञ्चका सदस्यहरू तथा सामाजिक परिचालकहरूलाई वातावरणमैत्री स्थानीय शासनको अवधारणा, उनीहरूले गर्न सक्ने कार्य, मापन प्रक्रिया आदिबारे अभिमुखीकरण गर्ने ।
- न.पा. कार्यालयको कर्मचारीलाई वडा तोकी कार्य जिम्मेवारी तोक्ने ।
- वडामा रहेका स्वास्थ्य स्वयंसेविका, आमा समूह, युवा क्लब, वडा नागरिक मञ्च, वडामा रहेका विद्यालयका सम्बन्धित विषय शिक्षक तथा सामाजिक परिचालकहरू आदिलाई वातावरणमैत्री स्थानीय शासनको अवधारणा, घर—परिवार तथा वडा तहका सूचकहरू, हासिल गर्ने विधि र प्रक्रिया, मापन गर्ने विधि र प्रक्रिया आदिबारे अभिमुखीकरण गर्ने ।

### ३. नगरपालिका

- विद्यमान संरचनामा रहेको वातावरण, सरसफाइ वा फोहोरमैला व्यवस्थापन शाखाको कार्य विवरण अद्यावधिक गराई वातावरणमैत्री स्थानीय शासनसम्बन्धी कार्यहरूको जिम्मेवारीसमेत सुम्पने ।
- वातावरणमैत्री स्थानीय शासन हेर्ने शाखाका कर्मचारीहरूलाई वातावरण संरक्षण, विपद् व्यवस्थापन, वातावरणमैत्री निर्माण संहिता बारे समेत क्षमता प्रदान गर्ने ।
- वातावरण शाखामार्फत् नगरपालिकाका वडा एवम् टोलहरू तथा सामुदायिक सङ्घसंस्था आदिलाई क्षमता विकासका कार्यहरू सञ्चालन गर्ने ।

### घ. मूल्याङ्कन संयन्त्र र विधि

नगरपालिकाका सबै वडाहरू वातावरणमैत्री प्रमाणित भइसकेपछि यस खाकामा उल्लेखित नगरपालिकाका सूचक पनि हासिल भएपछि वातावरणमैत्री नगरपालिका घोषणा गरिदिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्नुपर्नेछ । यस्तो अनुरोध प्राप्त भएपछि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवको अध्यक्षतामा गठन भएको कार्यान्वयन समन्वय समितिबाट अनुगमन मूल्याङ्कन हुनेछ । यो समितिले अनुगमन गर्दा वातावरणमैत्री नगर घोषणा गर्न आवश्यक सबै सूचक पूरा भएको पाएमा वातावरणमैत्री नगर घोषणा गर्न नगरपालिकालाई सहमति दिनेछ र विशेष कार्यक्रम साथ नगरक्षेत्रलाई वातावरणमैत्री नगरपालिकाका रुपमा घोषणा गरिनेछ ।

## ५.३ उत्प्रेरणाका तरिका

क) घर—परिवारस्तर

घर—परिवारस्तरमा उनीहरूको अभ्यास व्यवहार परिवर्तन गराई वातावरणमैत्री घर—परिवार कायम गर्न निर्धारित सूचकहरू प्राप्त गरेको घर—परिवारलाई वातावरणमैत्री घर परिवारको दर्जा दिई सम्मान गर्ने । यस्तो सम्मान खिया नलाग्ने धातुमा लेखी सडकबाटै देखिने गरी प्रवेशद्वारमा टाँसिने छ । सम्मान—पत्रको नमुना अनुसूची १ मा दिइएको छ ।

वातावरणमैत्री घर—परिवारको कदर—पत्र प्राप्त गर्नेलाई नगरपालिका/नगरसभाले निर्णय गरी नगरपालिकाले लगाउने सेवा शुल्क तथा दस्तुरमा आंशिक वा पूर्ण छुटको व्यवस्था गर्ने ।

ख) टोल/समुदायस्तर

**कदर—पत्र प्रदान गर्नेः** टोल/समुदायले निर्धारित सूचकहरू पूरा गरी "वातावरणमैत्री टोल" प्रमाणित भएको अवस्थामा नगरपालिकाले त्यस्तो टोल/समुदायलाई वातावरणमैत्री टोल/समुदाय घोषणा गरी कदर—पत्र प्रदान

गर्ने र त्यस्तो कदर—पत्र प्राप्त गर्ने टोल समुदायलाई त्यस्तो क्षेत्रमा सो कदर—पत्रअनुरुपको होर्डिङ्ग बोर्ड राख्न अनुमति प्रदान गर्ने ।

**क्षमता वृद्धिमा अवसर प्रदान गर्नेः** वातावरणमैत्री टोल/समुदाय घोषित भएका टोलबासी/समुदायको सिफारिसमा त्यस टोल समुदायका सदस्यहरूलाई नगरपालिकाले सञ्चालन गर्ने क्षमता विकासका क्रियाकलापहरू (तालिम, गोष्ठी, अवलोकन भ्रमण आदि) मा प्राथमिकताका साथ अवसर प्रदान गरी क्षमता बृद्धि गराउने । साथै यस्तो कार्यमा क्रियाशील टोललाई भौतिक साधनहरू (फर्निचर, कम्प्युटर आदि) बाट पुरस्कृत गर्न सक्ने । यस्ता टोलका पदाधिकारीलाई नगरकै अन्य टोलहरूमा स्रोतव्यक्तिका रुपमा पठाउन वडाले समन्वय गर्ने ।

ग) वडा तह

**कदर—पत्र प्रदान गर्नेः** निर्धारित सूचकहरू पूरा गरी वातावरणमैत्री बन्ने वडालाई कदर—पत्र प्रदान गर्ने ।
**भौतिक सुविधा प्रदान गर्नेः** वातावरणमैत्री वडा समितिको कार्यालयमा नगरपालिकाबाट थप भौतिक साधन (जस्तैः कम्प्युटर-प्रिन्टर, मोटरसाइकल, फर्निचर आदि) प्रदान गर्ने । साथै यस कार्यमा सक्रियतासाथ सहयोग गर्ने व्यक्ति-विशेषलाई नगद पुरस्कारको व्यवस्था गर्ने ।

**अनुदान प्रदान गर्नेः** वातावरणमैत्री वडा कायम भएको वडालाई यसै सम्बन्धी थप कार्य सञ्चालन गर्ने गरी स्थानीय वातावरण संरक्षण विशेष कोषबाट थप अनुदान प्रदान गर्ने ।

घ) नगरपालिका तह

**कदर—पत्र प्रदान गर्नेः** निर्धारित सूचकहरू पूरा गर्ने नगरपालिकालाई नेपाल सरकारद्वारा वातावरणमैत्री नगरपालिकाको सम्मानद्वारा सम्मानित गर्ने ।

**वातावरणमैत्री अनुदान प्रदान गर्नेः** वातावरणमैत्री घोषणा भएका **"वातावरणमैत्री नगरपालिका"** प्रोत्साहनस्वरुप नगर वातावरण संरक्षण कोषमा थप अनुदान व्यवस्था गर्ने । यस्तो अनुदान रकम उच्चस्तरका सूचकहरू प्राप्त गर्न खर्च गर्नसक्ने ।

**वातावरणमैत्री अनुदान प्रदान गर्नेः** वातावरणमैत्री घोषणा भएका वडालाई प्रोत्साहन स्वरुप स्थानीय वातावरण संरक्षण कोषमा थप अनुदान दिन सक्ने । यस्तो अनुदान रकम उच्चस्तरका सूचकहरू प्राप्त गर्न खर्च गर्नुपर्नेछ ।

<u>वातावरणमैत्री सार्वजनिक कार्यालयः</u> (१) नगरपालिका क्षेत्रमा वातावरणमैत्री सार्वजनिक कार्यालय भन्नाले वातावरणमैत्री सार्वजनिक कार्यालयको आधारभूत सूचकहरू पूरागरी नगरपालिकाबाट वातावरणमैत्री घोषणा भएको सार्वजनिक कार्यालयलाई जनाउदँछ । वातावरणमैत्री सार्वजनिक

कार्यालय घोषणा हुन अनुसूची-३ बमोजिमको आधारभूत सूचकले अपेक्षा गरेका प्रावधान पुरा गरेको हुनु पर्दछ ।

## ५.४ संस्थागत संरचना तथा क्षमता विकास सम्बन्धि व्यवस्था

<u>नगर समन्वय समिति</u>: (१) नगरपालिकामा देहाय बमोजिमको वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| नगरप्रमुख | अध्यक्ष |
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति | सदस्य |
| खानेपानी तथा सरसफाई शाखाप्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| माध्यमिक सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट एकजना | सदस्य |
| नगरपालिकास्तरीय उद्योग वाणिज्य संघका प्रमुख वा प्रतिनिधि दुइजना | सदस्य |
| गैरसरकारी संस्था स्थानीय समन्वय समितिका प्रमुख | सदस्य |
| वातावरण तथा विपद् व्यवस्थापन हेर्ने शाखा प्रमुख | सचिव |

नगर समन्वय समिति समितिको काम, कर्तव्य, अधिकार एवं जिम्मेबारी देहाय बमोजिम हुनेछः

(क) नगरपालिकामा सञ्चालन हुने वातावरण, विपद, भू-उपयोग वर्गिकरण र फोहोरमैला व्यवस्थापन सम्बन्धी सबै कार्यक्रमहरूको समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ख) वडाहरूलाई वातावरणमैत्री बनाउन सहयोग, समन्वय तथा सहजीकरणका साथै वातावरणमैत्री घोषणा गर्न सहमती प्रदान गर्ने,

(ग) वातावरणमैत्री नगरपालिका घोषणा गर्न सिफारिस गर्ने,

(घ) नगरपालिकामा संचालित एवं सञ्चालन हुने वातावरण, विपद् तथा फोहोर व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूलाई कम्तीमा यस निर्देशिकामा उल्लिखित सूचक हासिल गर्ने गरी आफ्ना कियाकलाप संचालन गर्नका लागि स्वीकृति दिन नगर कार्यपालिकामा सिफारिस गर्ने,

(ङ) वातावरणमैत्री घर-परिवार, टोल तथा वडाका संख्या चौमासिक रूपमा सम्बन्धित जिल्ला समन्वय संमिति तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने,

(च) जिल्लालाई वातावरणमैत्री बनाउन आवश्यक सहयोगीको भूमिका निभाउने,

(छ) नगरपालिकालाई पूर्णरुपमा वातावरणमैवी बनाउन अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

(३) यस निर्देशिका कार्यान्वयनमा समन्वय र सहजिकरण नगरपालिकामा रहेको वातावरण तथा विपद् व्यवस्थापन हेर्ने शाखाले गर्नेछ।

१५. वडा समन्वय समिति : (१) वडास्तरमा देहाय बमोजिमको वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति रहनेछ।

| | |
|---|---|
| वडा अध्यक्ष | अध्यक्ष |
| वडा सदस्यहरु | सदस्य |
| सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट दुई जना | सदस्य |
| सामुदायिक संस्थाका प्रमुख मध्येबाट एक जना | सदस्य |
| गैरसरकारी संस्था मध्ये वडाले तोकेको प्रतिनिधि | सदस्य |
| वडा सचिव सदस्य | सदस्य सचिव |

वडा समन्वय समितिको काम, कर्तव्य अधिकार एवं जिम्मेवारी देहाय बमोजिम हुनेछः (क) वड़ा तहमा संचालन हुने वातावरण, विपद, भूउपयोग वर्गिकरण र फोहोरमैला व्यवस्थापन सम्बन्धी सबै कार्यक्रमहरूको समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ख) आफ्ना वड़ा अन्तर्गतका टोल एवम् बस्तीलाई वातावरणमैत्री बनाउन सहयोग, समन्वय तथा सहजीकरणका साथै वातावरणमैत्री घोषणा गर्ने सहमति प्रदान गर्ने,

(ग) वातावरणमैत्री वडा घोषणा गर्न नगरपालिकामा सिफारिस गर्ने,

(घ) वडामा संचालित एवं संचालन हुने वातावरण, विपद् तथा फोहोर व्यवस्थापनसम्बन्धी कार्यक्रमहरुलाई कम्तीमा यस निर्देशिकामा उल्लिखित सूचक हासिल गर्ने गरी आफ्ना क्रियाकलाप संचालन गर्नका लागि स्वीकृति दिन नगर कार्यपालिकामा सिफारिस गर्ने,

(ङ) वातावरणमैत्री घर-परिवार, टोल तथा बस्तीको संख्या चौमासिक रूपमा नगरपालिकामा पठाउने,

(च) नगरपालिकालाई वातावरणमैत्री बनाउन आवश्यक सहयोगीको भूमिका निभाउने,

(छ) वडालाई पूर्णरुपमा वातावरणमैत्री बनाउन अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

**अन्य संघ-संस्था परिचालनः** विभिन्न तहमा क्रियाशील रहेका वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनसँग सम्बन्धित क्षेत्रमा काम गर्ने सबै संघसंस्थालाई यस निर्देशिका बमोजिमका सूचकहरू प्राप्त गर्ने गरी परिचालन र समन्वय गर्ने कार्य सम्बन्धित वातावरणमैत्री स्थानीय शासन वडा तथा नगर समन्वय समितिले गर्नेछन्।

**क्षमता विकासः** (१) वातावरणमैत्री शासन संचालनको लागि टोल तथा समुदाय स्तरमा देहाय बमोजिमको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ :

क) नगरपालिका भित्र कार्यरत सामाजिक परिचालक, विभिन्न संघ संस्थाका स्वयंसेवकहरुलाई आवश्यक सामाग्री सहित वातावरणमैत्री स्थानीय शासन सम्बन्धी विषयमा समुदायको क्षमता अभिवृद्धिका लागि परिचालन गरिनेछ ।

ख) टोल विकास संस्था/टोल सुधार समितिका सदस्यहरू, महिलास्वास्थ्य स्वयंसेविका, आमा समूह, युवा क्लब जस्ता सामुदायिक संस्थाहरुलाई वातावरणमैत्री स्थानीय शासनसम्बन्धी अभिमुखिकरण तथा क्षमता विकासका लागि तालिमहरु सञ्चालन गरिनेछ ।

ग) समुदाय टोल एवम् वडाहरूमा प्रचार प्रसार र अन्य जनचेतनाका वातावरणमैत्री स्थानीय कार्यक्रम सञ्चालन गरिनेछ ।

घ) अगुवा कृषकहरूमार्फत प्राङ्गारिक खेती, उन्नत खेती, खेतबारी संरक्षण तथा रासायनिक विषादिको नकारात्मक असरबारे कृषकहरुलाई प्रदर्शनी/चेतना जागरण र सीप प्रदान गर्ने/गराउने आदि क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

(२) वातावरणमैत्री शासन संचालनको लागि वडा स्तरमा वडा भित्रका महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, युवा क्लब, विद्यालयका सम्बन्धित विषय शिक्षक तथा सामाजिक परिचालकहरूलाई वातावरणमैत्री स्थानीय शासनको अवधारणा, घर-परिवार तथा वडा तहका सूचकहरू, सूचक हासिल गर्ने विधि र प्रक्रिया, मापन गर्ने विधि र प्रक्रियाबारे सम्बन्धित वडा वा नगरपालिकाले आफै वा वडाको अगुवाइमा अभिमुखीकरण गरिनेछ ।

(३) वातावरणमैत्री शासन संचालनको लागि नगरपालिका स्तरमा देहाय बमोजिमको क्षमता विकास कार्यक्रम संचालन गरिनेछः

(क) नगरपालिकामा रहेको वातावरण तथा विपद् व्यवस्थापन विषय हेर्ने शाखाको कार्य विवरण अद्यावधिक गराई वातावरणमैत्री स्थानीय शासनसम्बन्धी कार्यहरूको जिम्मेवारी समेत थप गरिनेछ ।

ख) वातावरणमैत्री स्थानीय शासन क्षेत्रमा काम गर्ने कर्मचारीहरूलाई वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, वातावरणीय अध्ययन प्रतिवेदन तथा भवन निर्माण संहिता जस्ता विषयमा समेत क्षमता विकास तालिम प्रदान गरिनेछ ।

ग) वातावरण तथा विपद् व्यवस्थापन शाखामार्फत नगरपालिकाका वड़ा एवम् टोलहरू, सामुदायिक संस्था तथा टोल विकास संस्थाहरुको लागि क्षमता विकासका कार्यहरू सञ्चालन गर्नु पर्नेछ।

## ५.५ स्रोत तथा कार्यान्वयन ब्यबस्थापन र सरोकारवालाको भूमिका

वित्तीय स्रोत व्यवस्थापनः (१) यस निर्देशिकामा उल्लेख गरिएका सूचकहरू तया तोकिएका क्रियाकलापहरु नगरपलिकाले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) विकास साझेदार, नगरपालिकामा क्रियाशील राष्ट्रिय तथा गैर सरकारी संस्था तथा निजी क्षेत्रले समेत निर्देशिका कार्यान्वयनमा सहयोग गर्न सक्नेछन।

(३) नगरपालिकाले विभिन्न क्षेत्रसँग समन्वय र सहकार्य गर्न सक्नेछ भने वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि संघीय सरकार र प्रदेश सरकारले प्रोत्साहन र थप अनुदान उपलब्ध गराउन सक्नेछन् ।

**कार्यान्वयन व्यवस्थापन:** नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन हेर्ने शाखाले सचिवालयको रूपमा काम गर्नेछ। वडा र समुदाय तहमा संचालन हुने क्रियाकलापहरुको समन्वय र सहजिकरणको व्यवस्था वड़ा समितिको कार्यालयले मिलाउन सक्नेछ।

**सरोकारवाला निकायहरूको भूमिकाः** (१) यस निर्देशिकामा उल्लिखित सूचकहरूमध्ये आ-आफ्नो कार्यक्षेत्रसम्बन्धी सूचकहरू हासिल गर्नेगरी नीति, रणनीति तथा कार्यनीति तयार गरी सो बमोजिम आवश्यक लगानी, समन्वय तथा सहजीकरण गर्ने जिम्मेवारी सबै सरोकारवाला निकायहरूको हुनेछ। प्रमुख सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम उल्लेख गरिएको छः

(२) नगरपालिकाको भूमिका देहाय बमोजिम हुनेछः

(क) यस निर्देशिकामा तोकिए बमोजिमका नतिजा हासिल गर्न साधन स्रोतको परिचालन गर्ने,

(ख) वातावरण संरक्षणसँग सम्बन्धित कार्य गर्ने सबै सरकारी निकायहरू, विकास साझेदार, गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रलाई यसैबमोजिमका सूचकहरू हाँसिल गर्न समन्वय सहजीकरण तथा सहकार्य गर्ने,

(ग) आ-आफ्नो क्षेत्रलाई वातावरणमैत्री बनाउन प्रयत्नरत रहने ।

(३) विकास साझेदार संघ/संस्था तथा निकायको भूमिका देहाय बमोजिम हुनेछः

(क) वातावरणमैत्री स्थानीय शासनको प्रारूप कार्यान्वयन गर्न नगरपालिकालाई सघाउने,

(ख) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन्, फोहोरमैला एवम् विपद् व्यवस्थापनका क्षेत्रमा कार्य गर्दा यस निर्देशिका बमोजिमका सूचकहरु हासिल गर्न समन्वय र सहयोग गर्ने,

(ग) यस निर्देशिका बमोजिमका सूचकहरु हासिल गर्न आवश्यक क्षमता विकासका कार्यक्रम, प्रचार/ प्रसार र उत्प्रेरणा सम्वन्धी कार्यहरू सम्पादन गर्न सहकार्य गर्ने ।

(४) गैरसरकारी संस्थाहरूको भूमिका देहाय वमोजिम रहनेछः

(क) नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रममा संस्थाका क्रियाकलापहरु समावेश गरी नगरपालिकासँगको समन्वय तथा सहकार्यमा यस निर्देशिका बमोजिमका सूचकहरू हासिल गर्नेगरी उपलब्ध स्रोतको परिचालन गर्ने,

(ख) स्थानीयस्तरका सामुदायिक एबम् सामाजिक संघसंस्थाहरूलाई यस निर्देशिका बमोजिमका सूचकहरू मापन गर्न आवश्यक पर्ने क्षमता विकास सम्बन्धी कार्यहरू सञ्चालन गर्न सहयोग गर्ने,

(ग) यस अवधारणालाई घर-परिवारसम्म पुयाउन नगरपालिकासँगको समन्वयमा सामाजिक परिचालनका कार्यहरू सञ्चालन गर्ने,

(घ) घर-परिवार, टोलबस्ती एवम् नगरपालिकाबीच सकारात्मक प्रतिस्पर्धाको वातावरण निर्माण गर्न उत्प्रेरकको काम गर्ने।

(५) सामुदायिक तथा सहकारी संघसंस्थाको भूमिका देहाय बमोजिम रहनेछः

(क) सामुदायिक तथा सहकारी संस्थाका सदस्यहरूलाई यस निर्देशिकाका घरपरिवार तह र टोल तहका आधारभूत सूचकहरू हासिल गर्न प्रेरित गर्ने,

(ख) यस निर्देशिकामा उल्लेखित सूचकहरू हासिल गर्न सहयोग पुग्ने गरी आफ्नो क्रियाकलाप सञ्चालन गर्ने,

(ग) नगरपालिकासँग यस निर्देशिका बमोजिमका सूचकहरू प्राप्त हुनेगरी साझेदारी तथा सहकार्य गर्ने ।

(६) निजी क्षेत्रको भूमिका देहाय बमोजिम रहनेछः

(क) उद्योग व्यवसाय संचालन गर्दा यस निर्देशिकामा उल्लेखित सूचकहरू हासिल गर्न सहयोग पुग्ने गरी गर्ने,

(ख) सामाजिक उत्तरदायित्वको रूपमा गरिने लगानीलाई यस निर्देशिकाको सूचक हासिल गर्न उपयोग गर्न प्राथमिकता दिने,

(ग) संघीय सरकार तथा नगरपालिकासँग यस निर्देशिका बमोजिमका सूचकहरू प्राप्त हुने गरी साझेदारी तथा सहकार्य गर्ने।

## अनुसूची १

## वातावरणमैत्री स्थानीय शासनका आधारभूत सूचकहरू

लुम्बिनी साँस्कृतिक नगरपालिकाका लागि वातावरणमैत्री स्थानीय शासनका आधारभूत सूचकहरु देहाय बमोजिम उल्लेख गरिएको छ

(क) घरपरिवार तहका आधारभूत सूचकहरुः

| प्रमुख सूचक | सूचकको विस्तार | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | क) सरसफाई र स्वास्थ्य | | | |
| १. आधारभूत सरसफाई तथा घर भित्रको फोहोरको उचित व्यवस्थापन | १. शौचालयको व्यवस्था, त्यसको उचित प्रयोग भएको<br>२. व्यक्तिगत सरसफाईमा ध्यान दिएको<br>३. आफ्नो घर भित्रको फोहोर सड्ने र नसड्ने वर्गिकरण गरी सड्नेलाई आफै वा समूह बनाई मल बनाउने गरेको<br>४. नसड्ने फोहोरलाई नगरपालिकाले तोकेबमोजिम उचित व्यवस्थापन गरेको<br>५. घर पालुवा जनावर कुकुर आदिलाई घर क्षेत्र बाहिर खुला रुपमा दिसा गराउने नगरेको र गराएमा आफैले उठाएर आफ्नो घर परिसरमा व्यवस्थित गर्ने गरेको | | | |
| | स्वच्छ ऊर्जाको प्रयोग | | | |
| १. उर्जाको उपयोग | १. घरभित्र उर्जा खपत कम गर्ने चिमको प्रयोग भएको,<br>२. स्वच्छ बैकल्पिक उर्जा जस्तैः बायोग्यास, सोलारको प्रयोग गरिएको,<br>३. खाना पकाउन दाउरा प्रयोग गरेको अवस्थामा धुवाँ रहित सुधारिएको चुल्हो प्रयोग गरेको | | | |
| | ग) हरियाली /सहरी सौन्दर्य | | | |
| १. हरियाली तथा सहरी सौन्दर्य प्रवर्धन | १. घर कम्पाउण्डमा फलफूल तथा विभिन्न प्रजातीको बोटबिरुवाहरु भएको,<br>२. घर कम्पाउण्डमा बिरुवा रोप्ने ठाउँ नभएको | | | |

| | | | | |
|---|---|---|---|---|
| | अवस्थामा छाना छतमा बोटविरुवा भएको वा कौशी खेती गरेको। | | | |
| **घ) खानेपानी** | | | | |
| १. वर्षातको पानीको संकलन तथा भण्डारण | १. वर्षातमा घर कम्पाउण्डभित्र परेको पानी संकलन भण्डारण (Rain Water Harvesting) गर्ने व्यवस्था मिलाएको वा आफ्नै घर- कम्पाउण्डमा जमिनभित्र जाने (Water Recharge) व्यवस्था गरिएको | | | |
| २. पिउने पानी | पिउने पानीका लागि शुद्धिकरणका उपायहरुको अवलम्बन गरिएको | | | |

(ख) टोल तहका आधारभूत सूचकहरुः

(अ.) टोल विकास संस्था/ टोल सुधार समिति

| **प्रमुख सूचकहरु** | **विस्तारित सूचकहरु** | **छ** | **छैन** | **व्याख्या** |
|---|---|---|---|---|
| क) संस्थागत व्यवस्था - सरसफाई र सुन्दरता | | | | |
| १. टोल सुधार/ टोल विकास समिति | १. स्थानीय टोल समुदायमा त्यहाँका ८०% वा सोभन्दा वढी घर परिवार संलग्न भएको टोल सुधार टोल विकास समिति गठन भएको | | | टोल विकास समिति दर्ता प्रमाणापत्र र सदस्यता देखिने दस्तावेज। |
| २. टोल सरसफाई अभियान | १. कम्तिमा महिनाको एक पटक नियमित रुपमा आफ्नो टोल समदायको क्षेत्रभित्र सामूहिक रुपमा सरसफाई अभियान संचालन गर्ने गरेको<br>२. घरबाट बाहिर निष्काशन गरिने फोहोर सडक पेटी र सार्वजनिक स्थलमा जम्मा नगरी सिधै संकलन गर्न आउने सवारी साधनमा राख्ने गरेको वा नगरपालिकाले तोके बमोजिम व्यवस्थापन गरेको | | | टोल क्षेत्रमा सरसफाई (घरेलु फोहोर, झारपात् प्लाष्टिक आदि तह लगाएको अवस्था।) |
| ३. टोल सुधार / टोल | १. संस्थाको मासिक बैठक र वार्षिक साधारण सभामा स्थानीय वातावरण | | | निर्णय पुस्तिका अध्ययन गर्ने |

| | | | | |
|---|---|---|---|---|
| विकास समितिको वातावरणीय सुशासन प्रवर्द्धनसम्बन्धी कार्यहरु | संरक्षण सम्बन्धी छलफल तथा निर्णय गर्ने गरेको<br>२. विभिन्न अवसर पारी वातावरण संरक्षणका विविध कार्यक्रमहरुको आयोजना गर्ने गरेको | | | |

(ग) वड़ा तहः नगरपालिकामा वड़ा तह वातावरणमैत्री हुनका लागि वडाभित्रका सबै टोल/वस्तीहरु वातावरणमैत्री भएको हुनुपर्नेछ । नगरपालिकाका वडा तहका लागि देहायका आधारभूत सूचकहरु तय गरिएको छः

| प्रमुख सूचकहरु | विस्तारित आधारभूत सूचकहरु | छ | छैन | स्पष्टिकरण |
|---|---|---|---|---|
| **क) खानेपानी तथा सरसफाई** | | | | |
| १. खानेपानीका मुहान तथा स्रोतको संरक्षण | १. वडामा भएका सबै खानेपानीको श्रोतहरुको लगत राखी संरक्षण गरिएको र सबै पानीका श्रोतहरुको गुणस्तर परीक्षण गरिएको<br>२. पानी सुरक्षा सम्बन्धी तालिमहरु संचालन गरेको र वडाबासीलाई भूमिगत जलस्रोतको पुनर्भरण एवं बहुपयोगिताको निम्ति आकाशे पानी संकलन र प्रयोगलाई प्रोत्साहन गर्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरेको | | | |
| २. फोहोरमैला व्यवस्थापन | १.घर घर बाट संकलित फोहर नगरपालिकाबाट तोकिएको स्थानमा विसर्जन गर्ने गरिएको<br>२. वडा परिसरमा प्लास्टिक झोलाको प्रयोगलाई कम गर्न वैकल्पिक उपायहरुको विकास त्यसको प्रयोग गरिएको | | | |
| ३. तालपोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन | टोल तथा वस्तीका सबै तालपोखरी तथा सिमसार क्षेत्रको लगत कायम गरी सबै ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षणका लागि समिति गठन गरी संरक्षण कार्यक्रम संचालन गरिएको | | | |

| ख) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन | | | | |
|---|---|---|---|---|
| १. विपद व्यवस्थापन सम्बन्धी आधारभूत क्षमता, विस्तृत अध्ययन तथा आपतकालीन सुरक्षित क्षेत्र | १. जलवायु परिवर्तन सम्बन्धी आधारभूत ज्ञान सिप तथा क्षमताको विकासका लागि समुदाय तहमा अनुशिक्षण कार्यक्रम सञ्चालन भएको<br><br>२. वडागत रुपमा विपदजोखिम संकटासन्नता तथा क्षमता मुल्याङ्कन गरी प्रतिवेदन तयार भएको<br>३. विपदको अवस्थामा तत्काल उद्धारका लागि सुरक्षित स्थल (खुला क्षेत्र) निर्धारण गरी सोको संकेत प्रयोग गरिएको<br><br>४. विपद् जोखिम न्यूनीकरणको लागि वडास्तरीय स्वयं सेवकहरुको समूह बनाई परिचालन गरेको | | | |
| **(ग) वन तथा भू-संरक्षण** | | | | |
| १. वन संरक्षण तथा दिगो व्यवस्थापन | यहाँको भूगोल भित्र रहेको वनको विस्तृत लगत राखेको र वडा भित्र क्रियाशील वन उपभोक्ता संस्थासँग सहकार्य गरेको | | | |
| २. पर्ती जमिनको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | पर्ती वा सरकारी वा सार्वजनिक जग्गाको नक्सा / विवरण सहितको लगत राखिएको र त्यस्ता जग्गामा वृक्षरोपण गरी संरक्षण गरेको | | | |

(घ) नगरपालिका तहः वातावरणमैत्री नगरपालिका हुनका लागि नगरपालिका भित्रका सबै टोल र बस्ती तथा वडाहरु वातावरणमैत्री भएको हुनुपर्नेछ। यसका अलावा नगरपालिकाका लागि देहायका आधारभूत सूचकहरु तय गरिएको छः

| प्रमुख सूचकहरु | विस्तारित आधारभूत सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| **क) खानेपानी, सरसफाई तथा फोहोर मैला व्यवस्थापन** | | | | |
| १. खानेपानीको रणनीतिक योजना | स्वच्छ खानेपानी आवश्यकता पूरा गर्ने गरी रणनीतिक कार्ययोजना नगर सभाबाट स्वीकृत भएको | | | स्वीकृत रणनीतिक योजना |

| | | | | |
|---|---|---|---|---|
| (Strategic Plan) निर्माण | | | | |
| २. फोहोरमैला केन्द्रको स्थापना | १. सड्ने र नसड्ने फोहोरको वर्गिकरण गर्ने गरी फोहोरमैला केन्द्रको आवश्यक व्यवस्था गरेको<br><br>२. सड्ने फोहोर बाट प्रांगारीक मल बनाउन प्रोत्साहन गर्नको लागि कम्पोष्ट बिनको वितरण भएको<br><br>३. फोहोरमैलाको दिगो व्यवस्थापनको लागि व्यवस्थित ल्याण्डफिल साइट को एकीकृत फोहोरमैला व्यवस्थापनको अभ्यास गरेको | | | फोहोरमैला केन्द्रको लागि छुट्याइए को जग्गाको लगत र क्षेत्रफल, सञ्चालन मिति तथा नगरपालिकाको निर्णय |
| ३.सार्वजनिक स्थानमा शौचालयको व्यवस्था | १.बसपार्क, पेट्रोलपम्प, पर्यटकीय क्षेत्र तथा साँस्कृतिक सम्पदा पार्क तथा उद्यान र मुख्य हाटबजारस्थलमा बालबालिका मैत्री तथा अपाङ्गमैत्री सार्वजनिक शौचालयहरूको व्यवस्था भएको | | | |
| ४. प्लाष्टिक झोला प्रयोगमा प्रतिबन्ध | १. नेपाल सरकारबाट तोकिएको भन्दा कम गुणस्तरका प्लाष्टिक झोला प्रयोगमा बन्देज गरिएको<br><br>२) प्लास्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको र उत्पादित झोलाको बजारीकरण भएको | | | |
| **ख) जलवायु परिवर्तन अनुकुलन तथा विपद व्यवस्थापन** | | | | |
| १. विपद् व्यवस्थापन समितिको सक्रियता र कोष व्यवस्थापन | १. नगरस्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठनगरिएको<br><br>२. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन सम्बन्धी कानून पारित गरिएको | | | |

| | | | | |
|---|---|---|---|---|
| | ३. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा भई नगर सभाबाट स्वीकृत गरिएको<br><br>४. योजना कार्यान्वयनको लागि नगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, नीजि क्षेत्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा बात निकाय समेतको समन्वय र सहयोगमा बजेटको तथा परिचालन गरेको<br><br>५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनमा उचित ज्ञान सिप र क्षमता सहितको महाशाखा र शाखा र ईकाइ तथा कर्मचारीको व्यवस्था भएको | | | |
| २. भवन संहिताको पालना | १. नगरक्षेत्रमा भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकुल स्थानीय भवनसंहिता र मापदण्ड तयार भएको<br>२. भवन निर्माण गर्दा भवन निर्माण सहिता र मापदण्ड अनिवार्य गर्ने गरिएको<br>३. नक्सा पासको स्थानीय मापदण्डलाई भवन निर्माण संहितासँग आबद्ध गरिएको | | | |
| **ग) वन तथा भू-संरक्षण जैविक विविधता र हरियाली** | | | | |
| १ हरियाली प्रवर्धन तथा उद्यानको सञ्चालन | १. नगर सडक क्षेत्र, सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरि वृक्षरोपण गरिएको<br>२. नगरभित्र भएका बनको क्षेत्रगत लगत राखी विभिन्न समुदाय स्तरीय वा नगर स्तरीय समिति मार्फत त्यसको उचित संरक्षण गरेको, र आवश्यकता अनुसार सम्बन्धित वन कार्यालयसँग समन्वय गरेको<br>३. नगरबासीलाई पायक पर्ने स्थानमा जेष्ठ नागरिक विश्रामस्थल, मनोरञ्जन पार्क वा उद्यान निर्माण गरी संचालनमा ल्याइएको | | | |

## अनुसूची- २

## वातावरणमैत्री स्थानीय शासनका परिष्कृत (विकसित) सूचकहरू

लुम्बिनी साँस्कृतिक नगरपालिकाका लागि वातावरणमैत्री स्थानीय शासनका परिष्कृत (विकसित) सूचकहरु बेहाय बमोजिम उल्लेख गरिएको छ ।

(क) घरपरिवार तहका परिष्कृत (विकसित) सूचकहरुः

**नगरपालिकाका घरपरिवार तहका लागि परिस्कृत सूचकहरु बेहाय बमोजिम रहेका छन्ः**

| सूचक | सूचकको अवस्था | छ | छैन | व्यवस्था |
|---|---|---|---|---|
| **क) सरसफाई र स्वास्थ्य** | | | | |
| १.ढलको उचित व्यवस्थापन | घरमा सेप्टि ट्याङ्कीको व्यवस्था गरी सञ्चालनमा रहेको (ढलको प्रशोधन गरेर मात्र अन्तिम निकास गर्ने गरेको) | | | * |
| २. घर-आँगन बाहिर सडकको सरसफाई स्थिति | आफ्नो घर आँगन बाहिरको सडक वा बाटो सफा राख्ने गरेको | | | * |
| ३. प्लाष्टिक झोलाको नियन्त्रण | प्लाष्टिक झोला प्रयोग नगरी त्यसको विकल्पमा जुट कपडा वा कागजका झोला प्रयोग गर्ने गरेको | | | * |
| **ख) स्वच्छ ऊर्जाको प्रयोग** | | | | |
| १. स्वच्छ ऊर्जाको उपयोग | विद्युत सेवा पुगेका घरमा खाना पकाउन विद्युतीय उर्जाको प्रयोग गरेको र विद्युत आपूर्ति नपुगेको घर वा विद्युत आपुर्ति नहुने समयमा विकल्पको रुपमा सौर्य ऊर्जा वा अन्य नविकरणीय उर्जा प्रयोग गर्ने गरेको। | | | * |
| **ग) हरियाली तथा शहरी सौन्दर्य** | | | | |
| १. घर परिसरमा खुला ठाउँको व्यवस्थापन | घर बनाउँदा नगरपालिकाले निर्धारण गरे बमोजिमको जमीनको क्षेत्रफल खाली राखेको | | | * |
| २. सहरी सौन्दर्य | घर अगाडि विभिन्न जातको फूल रोपेको (घर अगाडि स्थान उपलब्ध नभएमा कौशी, बरण्डा वा | | | ** |

| | | | | |
|---|---|---|---|---|
| | उपयुक्त स्थानमा सुरक्षित तरिकाले गमलामा फूल रोप्न सकिने)। | | | |
| **घ) भवन निर्माण संहिताको पालना** | | | | |
| १. सुरक्षित भवन निर्माण | १.घर निर्माण गर्दा भवन निर्माण संहिताको पालना गरी भुकम्प प्रतिरोधी प्रविधि अवलम्बन गरेको,<br>२.भवन निर्माण संहिता पालना नगरी बनाएको घरको प्रवलीकरण गरेको | | | * |

(५) टोल तहका परिष्कृत (विकसित सूचक देहाय बमोजिम रहेका छन:

| **सूचकहरु** | **परिष्कृत सूचकहरु** | **छ** | **छैन** | **स्पष्टिकरण** |
|---|---|---|---|---|
| १. सार्वजनिक क्षेत्रको सरसफाई | आफ्नो टोलभित्रका सार्वजनिक क्षेत्र (जस्तै- मठमन्दिर गुम्बा, मस्जिद, चर्च, सडक, पार्क, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, वन तथा चौर आदिमा फोहोर फाल्न प्रतिवन्ध गरेको | | | *निर्णय तथा पुस्तिका सूचना पाटी |
| २. टोलमा हरियाली प्रवर्धन | टोलका विभिन्न स्थानमा नगरपालिकाले तोके बमोजिमका वा उपयूक्त प्रजाति र परिमाणका रुख विरुवा लगाई हरियाली प्रवर्द्धन गरेको | | | ** |
| ३.ध्वनि प्रदुषण नियन्त्रण | टोलवासीको स्वास्थ्यमा प्रतिकुल असर गर्न सक्ने किसिमको ध्वनिको असर न्यूनीकरणको उपाय अवलम्बन गर्ने व्यवस्था गरेको | | | ** |

(ख)वड़ा तहको लागि परिष्कृत (विकसित सूचकहरु देहाय बमोजिम रहेका छन:

| **प्रमुख सूचकहरु** | **परिष्कृत सूचकहरु** | **छ** | **छैन** | **स्पष्टिकरण** |
|---|---|---|---|---|
| **क) सडक नाला व्यवस्थापन** | | | | |
| १. सडक नालाको व्यवस्थापन | १. वड़ाका सबै सडकहरुमा वर्षात्को पानी निकास हुने कुलेसो वा नाली भएको<br>२.सडकको दायाँ बायाँ रहेको नाली नियमित सफा गरिएको<br>३.सडक किनारामा रहेका बिजलीको पोल तथा तार व्यवस्थित भएको | | | * |

| | | | | |
|---|---|---|---|---|
| **ख) कृषि** | | | | |
| १. प्राङ्गारिक विधिको कृषिलाई प्रोत्साहन | वडाका कृषकहरुलाई वाली विविधिकरण, कृषि जैविक विविधता संरक्षण, एकीकृत शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक विधिमा आधारित खेति बारे तालिम प्रदान गरेको | | | **वडाभित्र रहेका व्यावसायिक कृषकको लगत। कृषकहरुमध्ये उल्लेखित तालिम प्राप्त गर्ने । कृषकहरुको विवरण। |
| २. प्राङ्गारिक खेती प्रणालीको अवलम्बन | १. वडाका तालिम प्राप्म व्यावसायिक कृषकहरुले जैविक, वनस्पतिजन्य विषादीको प्रयोग गरी खेतीपाती गरेको छ<br>२. वडाका सबै कृषकहरुले प्राङ्गारिक मलको प्रयोग गर्ने गरेको | | | *** सहभागितात्मक लेखाजोखा, सहकारी संस्थाहरुमा रहेका विवरण, कृषि सेवाकेन्द्र/उपसेवाकेन्द्र रहेको विवरण । |
| **ग) जलवायु परिवर्तन तथा विपद व्यवस्थापन** | | | | |
| १. वडा विपद तथा जलवायु उत्थानशील समिति गठन र क्षमता विकास | १.वडास्तरमा सामुदायिक विपद् तथा जलवायु उत्थानशील समिति गठन भएकोले<br>२. वडामा विपद जोखिम न्यूनीकरण तया व्यवस्थापन सम्बन्धमा स्थानीय युवाक्लब आमा समूह वन उपभोक्ता समिति, टोल विकास टोल सुधार संस्था जस्ता सामाजिक संघसंस्थाका प्रतिनिधिहरुलाई समेटी जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण विषयमा सचेतना कार्यक्रम संचालन गरेको र वडाका कम्तीमा १०% घरपरिवारका सदस्यहरुलाई जलवायु परिवर्तन तथा विपद जोखिमबारे तालिम दिइएको<br>३. विपद प्रतिकार्यको लागि वड़ा स्तरीय स्वयं सेवकहरुको समूह बनाई तालिम दिइएको र आवश्यकता अनुसार परिचालन गरेको | | | तालिम सम्बन्धी वडा कार्यालयमा रहेको विवरण। |
| **घ) वन तथा भू-संरक्षण** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. वन संरक्षण तथा व्यवस्थापन | १. वडाको भूगोल भित्र रहेको वनको विस्तृत लगत राखेको र वडा भित्र क्रियाशील वन उपभोक्ता संस्था तथा सम्बन्धीत वनकार्यालयको सहकार्यमा दिगो वन व्यवस्थापन कार्यक्रम संचालन गरेको | | | वन नभएको वडामा यस सूचक लागु हुने छैन |
| २. पर्ती, बा सार्बजनिक वा सरकारी जग्गामा वृक्षारोपण तथा उद्यान व्यवस्थापन | १.वडाक्षेत्रको हालको पर्ती वा सार्वजनिक वा सरकारी जग्गामा वार्षिक रुपमा रुख /डालेघाँस / फलफूलका बिरुवा रोपी हुर्काएको<br>२. वडाभित्रको सबै सरकारी तथा सार्वजनिक जग्गाको नक्सा र लगत सहितको विवरण राखिएको<br>३. वडाभित्रका पर्ती, ऐलानी र सार्वजनिक जग्गामा बाल किडास्थल उद्यान वा खेलकूद स्थान वा जेष्ठ नागरिक विश्रामस्थलको व्यवस्था गरिएको | | | ***** |
| **ङ) प्रदूषण रोकथाम तथा नियन्त्रण** | | | | |
| १. प्रदूषण गर्नेलाई दण्डको व्यवस्था | १. वडा भित्रका घर, उद्योग तथा अन्य व्यवसायहरुबाट निस्कासन हुने अत्याधिक ध्वनि, धुवाँ व्यवस्थित गर्न टोल विकास समितिको सिफारिसको आधारमा नेपाल सरकारबाट तय गरिएको सिमा उल्लंघन गर्ने व्यक्ति उद्योग वा संस्थालाई कारवाहीको लागि नगरपालिका तथा जिल्ला प्रशासनसमक्ष सिफारिस साथ पठाइएको | | | * |

(ग) नगरपालिका तहको लागि परिष्कृतं (विकसित) सूचक देहाय वमोजिम रहेका छन्ः

| **प्रमुख सूचकहरु** | **परिष्कृत सूचकहरु** | **छ** | **छैन** | **स्पष्टिकरण** |
|---|---|---|---|---|
| **क) फोहोरमैला व्यवस्थापन तथा नगर सरसफाई** | | | | |
| १. फोहोरमैला | १. आफ्नै वा अन्य नगरपालिकासँगको | | | *** |

| | | | | |
|---|---|---|---|---|
| संकलन तथा त्यसको उचित व्यवस्थापन | सहकार्यमा पुनः प्रयोग गर्न नमिल्ने फोहोरलाई आवश्यकता अनुसार फोहोर विसर्जन क्षेत्रमा व्यस्थापन गर्ने गरिएको र स्वास्थ्य संस्थाबाट निस्कासन हुने हानिकारक फोहरको व्यवस्थापन हानिकारक फोहोर विसर्जन क्षेत्रमा व्यवस्थापन गर्ने गरेको<br>२. नगरक्षेत्र भित्र फोहोरमैला सङ्कलन गर्ने प्रणालीलाई प्रभावकारी बनाउँदै सिमसार क्षेत्र, धार्मिक स्थल सडक तथा नदि किनारामा फोहोर जलाउन प्रतिबन्ध लगाएको। | | | |
| २. दल प्रशोधन सम्बन्धी | ढललाई जैविक वा इञ्जिनियरिङ प्रविधिबाट प्रशोधन गरिएपछि मात्र अन्तिम निष्काशन गने गरिएको सबै घरहरूमा सेप्टी ट्याङ्की अनिवार्य गरिएको अवस्थामा यो सूचक निष्कृय हुनेछ। | | | * |
| **ख) कृषि** | | | | |
| १. बाली विविधिकरण तथा जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास | १. कृषि उत्पादन वृद्धिको लागि जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास गर्दै बाली पोषकतत्व र एकिकृत कीट (शत्रुजीव) व्यवस्थापन कार्य भएको<br>२. सुख्खा तथा बढि पानी जम्ने क्षेत्रहरुको निम्ति उपयुक्त हुने बालिहरुको पहिचान तथा प्रबर्धनको लागि सम्बन्धित निकायसँग सहकार्य गर्ने गरेको<br>३. कृषि पेशालाई प्रोत्साहन नगरक्षेत्र भित्र विभिन्न कार्यक्रमहरुको संचालन गरेको | | | |
| **ग) नवीकरणीय ऊर्जा** | | | | |
| १.नवीकरणीय उर्जा उत्पादन, उपयोग तथा उर्जा किफायती | १. नगर भित्र उत्पादित फोहोरबाट बायोग्यास उत्पादन गर्न नगरपालिका आफैले सुरु गरेको वा नगरपालिकाबाट आर्थिक तथा प्राविधिक सहयोग भएको | | | * |

| | | | | |
|---|---|---|---|---|
| प्रविधिको विकास | २. नगर भित्रका सबै मूल सडकहरू तथा अन्य सार्वजनिक स्थानहरुमा सडक बत्तीको व्यवस्था गरेको र सम्भव भए सम्म सोलार बत्तीको प्रयोग भएको | | | |
| २. बैकल्पिक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग | नगरपालिका भित्रका सम्पूर्ण सार्वजनिक सेवाका कार्यालय विद्यालय तथा सडक क्षेत्रमा वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग भएको र नेपाल सरकारबाट सौर्य उर्जा प्रयोगको प्रोत्साहनको लागि तोके बमोजिमको सहुलियत नगर सभाबाट पारित भई कार्यान्वयनमा आएको | | | * |
| **घ) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन** | | | | |
| १. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन | १. जलवायु परिवर्तन तथा विपद् जोखिमका दृष्टिले बढी संवेदनशिल स्थानहरू र प्राकृतिक तथा सांस्कृतिक सम्पदाको पहिचान गरी वडागत नक्साङ्कन गरिएको<br>२. जोखिम पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माणमा रोक लगाएको ।<br>३. बहुक्षेत्र जोखिमको पूर्वतयारी गरिएको ।<br>४. नगरको विपद् तथा जलवायु उत्थानशील योजना अनुरुप वार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | | | **** |
| २. जलवायु परिवर्तन वातावरण तथा विपद् व्यवस्थापन हेर्ने संस्थागत संरचनाको व्यवस्था | जलवायु परिवर्तन, वातावरण तथा विपद व्यवस्थापनका लागि नगरपालिकामा महाशाखार शाखा र इकाईको स्थापना भई कार्यान्वयनमा आएको | | | ** |
| ३. खोज तथा अनुसन्धान | संघीय सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायहरुको सहयोग तथा सहकार्यमा जलवायु परिवर्तनको विषयगत क्षेत्रहरुमा आधारीत खोज | | | |

| | | | | |
|---|---|---|---|---|
| | अनुसन्धान तथा तथ्याङ्कको अद्यावधिक गरेको | | | |
| **ङ) प्लाष्टिक झोला व्यवस्थापन** | | | | |
| १. प्लाष्टिक झोला संकलन | १. प्लाष्टिक झोला संकलन, पुनः प्रयोग तथा तथा व्यवस्थापन व्यवस्थापन गर्ने कार्यका लागि वडाका सबैव्यवस्थापन गर्ने कार्यका लागि वडाका सबै टोलहरु समेट्ने गरी तालिम दिइएको र सोहि अनुसार काम भएको<br>२. संघीय सरकारले तोकेको मापदण्ड बाहेकका प्लास्टिक झोलालाई नगर क्षेत्रभित्र प्रयोगमा निषेध गरिएको र त्यसको विकल्पमा कपडाको झोलाको प्रयोग भएको | | | |
| **च) वातावरणीय शिक्षा** | | | | |
| समुदाय तथा विद्यालयमा वातावरणीय शिक्षा | १. विद्यालयको वार्षिक कार्यतालिकामा महिनामा कम्तीमा १ पटक वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलाप गर्ने गरी व्यवस्था भएको<br>२.नगरपालिका आफै वा सरोकारवालाहरुको सहकार्यमा वातावरण सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु गरेको | | | |
| **छ) वातावरण संरक्षण भू-संरक्षण, जैविक विविधता र हरियाली** | | | | |
| वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन | १. नगर क्षेत्र भित्र रहेको वनको उचित संरक्षण तथा त्यसको दिगो व्यवस्थापनको लागि आवश्यक नीति निर्माण भएको<br>२. सडक किनारा वा पैदलमार्गमा टोल बस्तीलाई परिचालन गरी उपयुक्त प्रजातिका बोटबिरुवा तथा बहुवर्षिय फूलहरु लगाएको<br>३. सार्वजनिक, पर्ती जग्गा, नदीनाला किनाराहरु, खोला उकासको क्षेत्रफल मध्ये वार्षिक दश प्रतिशतका दरले | | | सम्बन्धित कार्यका लागि बजेट एवं कार्यक्रम स्वीकृत गरेको, वृक्षारोपण गरिएको क्षेत्रको अवलोकन |

| | | | | |
|---|---|---|---|---|
| | वृक्षारोपण गरी संरक्षण गरेको ।<br>४. भू-क्षय, पहिरो तथा बाढीको जोखिमयुक्त स्थानहरूको पहिचानका आधारमा संरक्षणका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको। | | | |
| १. जैविक विविधताको संरक्षण | १. सहरी वनलाई जैविक विविधतामैत्री संरक्षण र संवर्द्धनको लागि नीति र कार्ययोजना बनाई कार्यान्वयन गरेको।<br>२.नगरक्षेत्रमा कम्तिमा एउटा जैविक विविधतायुक्त पार्क सञ्चालनमा रहेको | | | |
| **ज) भू-उपयोग तथा शहरी बसोबास** | | | | |
| १. जोखिम संवेदनशिल भूउपयोग योजना | १. संघीय सरकारको नीति अनुरुप नगरको जोखिम संवेदनशिल भूउपयोग योजना तयार गरिएको ।<br>२. प्राकृतिक स्रोतको दिगो र एकीकृत व्यवस्थापनका लागि भौतिक पूर्वाधारको निर्माण गर्दा बातावरणमैवी संरचना निमार्णलाई प्राथमिकता दिने गरेको। | | | |
| २. सडक मापदण्ड र कार्यान्वयन | १. नगरभित्रका सबै सडकको मापदण्ड निर्धारण गरिएको<br>२. सडक मापदण्ड विपरित निर्माण भएका संरचना नियमित रूपमा भत्काउने गरिएको<br>३. नगरका मुख्य सडकहरुमा साईकल लेनको व्यवस्था भएको | | | |
| शहरी बसोबास | १.शहरी योजना, बस्ती विकास र पूर्वाधार निर्माणका लागि आधारभूत मापदण्ड निर्धारण गरिएको<br>२. शहरी योजना, बस्ती विकास र पूर्वाधार | | | |

| | | | | |
|---|---|---|---|---|
| | निर्माणका लागि आधारभूत मापदण्ड कार्यान्वयन गरेको | | | |
| **झ) प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरण** | | | | |
| १ प्रदूषण नियमन | १. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको उद्योगहरुको लगत राखि ध्वनि, जल, वायू, प्रदुषणको स्तर मापन गरि अभिलेख तयार भएको<br>२. नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेको उद्योगहरूबाट भएको प्रदूषणको गुनासो सम्बन्धी अभिलेख तयार गरी गुनासो फछ्यौट गर्ने गरेको | | | *** |
| **ञ) ध्वनि तथा वायु प्रदूषण नियन्त्रण** | | | | |
| ध्वनि नियन्त्रण प्रदूषण | १.ध्वनीको राष्ट्रिय मापदण्ड बमोजिम नगर क्षेत्रलाई औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र आवासिय क्षेत्र तथा शान्त क्षेत्रको रूपमा विभाजन गरिएको<br>२.संघीय सरकारले निर्धारण गरेको मापदण्ड अनुकूस ध्वनिको स्तर सम्बन्धमा बार्षीक रुपमा मापन गर्ने गरिएको र मापदण्डभन्दा बढी ध्वनि प्रदूषण गर्नेलाई दण्डित गर्ने व्यवस्था गरिएको | | | |
| वातावरणजन्य क्षतिपूर्ति | १. प्रदुषण गर्ने पक्षले क्षतिपूर्ति व्यहोर्ने सिद्धान्तको आधारमा पीडितलाई उपयुक्त अतिपूर्ति दिने व्यवस्था मिलाएको<br>२. संघिय वा प्रदेश सरकारले जारी गरेको कानून तथा मापदण्ड अनुरुप स्थानीय क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिट्टि, बालुवा तथा माटोको उत्खनन्, संकलन् उपयोग, विक्रि तथा वितरण सम्बन्धी व्यवस्था भएको | | | |
| वायु प्रदूषण न्यूनीकरण | १. नगरक्षेत्रमा वायु प्रदुषण न्यूनीकरण तथा नियन्त्रणको लागि उपायहरु अवलम्बन गरिएको<br>२.नगरक्षेत्रमा साना सार्वजनिक सवारीसाधनको | | | |

| | | | | |
|---|---|---|---|---|
| | भन्दा ठूला नगरबसहरु संचालन भएको र विजुलीबाट चल्ने सवारीसाधनलाई उच्च प्राथमिकता राखेको | | | |

## अनुसूची - ३

## नगरपालिकामा वातावरणमैत्री सार्वजनिक कार्यालयको आधारभूत सूचकहरु

| सूचकहरु | सूचकको विस्तार | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| १. सरसफाई | १. लैङ्गिकमैत्री शौचालयको व्यवस्था भएको<br>२. शौचालयमा हातधुने साबुन र पानीको व्यवस्था भएको<br>३. शौचालयभित्रका सामानहरु दुरुस्त रहेको र दैनिक रुपमा सरसफाई हुने गरेको<br>४. कार्यालयका हरेक कोठा, बरण्डा र परिसर दैनिक रूपमा सफाई हुने गरेको<br>५. कार्यालयको भित्ता, सिलिंग तथा पर्खालमा माकुराको जालो, धुलो, लेउ, अनावश्यक बिरुवा, झारपात, फोहोरको धब्बा नरहेको<br>६. कार्यालय परिसरमा खुला रुपमा थोत्रा तथा अनावश्यक सामानहरु राख्ने नगरेको<br>७. कार्यालयका भवन, भित्ता, पर्खालमा जथाभावी पोस्टर, अनावश्यक भित्ते लेखन आदि नरहेको<br>८. कार्यालयका भित्ताहरुमा सुर्ती, पान, गुट्खा थुक्ने नगरेको | | | |
| २. कार्यालय भवनको मर्मत सम्भार | १. कार्यालय भवनको नियमित रुपमा मर्मत सम्भार गर्ने गरेको<br>२. कार्यालय भवन तथा पर्खालहरुको नियमित रङ्गरोगन गर्ने गरेको | | | |
| ३. कार्यालयको सौन्दर्य हरियाली कार्यालय | १. कार्यालय कम्पाउण्डभित्र रहेको खाली स्थानमा फूल, फलफूलका बिरुवा, दुबो सहितको सुन्दर बगैचा रहेको<br>२. बगैचाको नियमित हेरचाह र रेखदेख हुने गरेको<br>३.कार्यालयको स्वामित्व भएको जग्गा वा सार्वजनिक जग्गामा वर्षमा कम्तिमा एकपटक वृक्षरोपण गर्ने गरेको<br>४.कार्यालय परिसरमा कम्तिमा दशवटा बहुबर्षे बोटविरुवा हुर्काएको | | | |

| | | | | |
|---|---|---|---|---|
| | ५. भलपानी जमीनमा पुनर्भरण गर्ने व्यवस्था भएको | | | |
| ४. फोहरमैला व्यवस्थापन | १.कार्यालयको फोहोर सड्ने र नसड्ने गरी वर्गिकरण गर्ने गरेको<br>२. सड्ने फोहोरलाई कार्यालय परिसरभित्रै मल बनाउने गरेको वा अन्य तरिकाले व्यवस्थापन गर्ने गरेको<br>३. प्लाष्टिकजन्य फोहोरलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा गर्ने गरेको<br>४. ब्याट्री, सि.एफ.एल्. चिम फुटेका सिसा, बोतल, ट्युबलाइट जस्ता हानिकारक फोहोरमैला छुट्याई निर्धारित स्थलमा जम्मा गर्ने गरेको<br>५. कार्यालयसँग जोडिएको सडकपेटी नियमित रुपमा सरसफाई गर्ने गरेको<br>६. कार्यालयमा रहेका सोफा, कार्पेट, पर्दा जस्ता सामानहरु नियमित रुपमा सफा गर्ने गरेको<br>७. कार्यालय परिसरभित्र र बाहिर फोहोर, धुलो, कागजका टुका तथा अन्य फोहोरजन्य बस्तु नरहेको<br>८. कार्यालयमा चालिस माइकोन भन्दा कम गुणस्तरका प्लाष्टिकको झोला प्रयोगमा रोक लगाएको। | | | |
| ५. ऊर्जाको प्रयोग | १. कार्यालयमा ऊर्जा खपत कम गर्ने चिमको प्रयोग भएको<br>२. प्रयोग नभएको समयमा सबै प्रकारका विद्युतीय उपकरण बन्द गर्ने गरेको। | | | |
| ६. सवारी साधनको प्रयोग | १. सवारी साधनको नियमित रुपमा प्रदुषण नियन्त्रण जाँच गराई Green Sticker टाँस्ने गरेको | | | |
| ७. सेवागहरीको लागि प्रतीक्षालयको | १. कार्यालयमा Toilet र Urinalसहितको महिला तथा पुरुषका लागि सार्वजनिक शौचालय रहेको<br>२. शौचालयमा साबुन र पानीको व्यवस्था रहेको कार्यालय<br>३. शौचालयको नियमित रुपमा सरसफाई हुने गरेको | | | |
| ८. सेवाग्राहीका लागि शौचालय | १. कार्यालयमा Toilet र Urina lसहितको महिला तथा पुरुषका लागि सार्वजनिक शौचालय रहेको | | | |

| | | | | |
|---|---|---|---|---|
| | २. शौचालयमा  साबुन र पानीको व्यवस्था रहेको<br>३. शौचालयको नियमित रुपमा सरसफाई हुने गरेको | | | |
| ९. कार्यालय भवनको सुरक्षा तथा भूकम्प प्रविधिको प्रयोग | १. कार्यालयले आफ्ना सबै भवनहरुको नक्सा सम्बन्धित निकायबाट पारित गरेको<br>२. कार्यालयभित्र तथा बाहिर जाँदा यात्रुका झोला  चेकजाँच गरेर मात्र  भित्रबाहिर जान दिने गरेको ३. कार्यालयमा सुरक्षाको लागि कम्पाउण्डवाल लगाईएको ४. कार्यालयका सबै भवनहरुमा भवन संहिताको पालना गरिएको<br>५. कार्यालयका पुराना भवनहरुलाई आवश्यकता अनुसार प्रवलीकरण गरिएको | | | |
| १०. चमेनागृहको व्यवस्था | १. चमेनागृह सफा सुग्घर रहेको<br>२. चमेनागृहले सामानहरुको मूल्यसूची टाँस्ने गरेको<br>३. चमेनागृहमा स्वच्छ पिउने पानीको व्यवस्था भएको<br>४. चमेनागृहमा फूलविरुवा रहेको<br>५. कार्यालयले खाजा खाने निश्चित समय निर्धारण गरेको<br>६. कर्मचारीहरु कार्यकक्षमा बसेर खाजा खाने नगरेको। | | | |

## अनुसूची-४

## मापन संयन्त्र र विधि

नगरपालिकाका विभिन्न तहमा गरिन अनुगमन तथा मापन विधि देहाय बमोजिम उल्लेख गरिएको छः

| तह/स्तर | मापन गर्ने निकाय/संयन्त्र | अवधि | विधि |
|---|---|---|---|
| घर / परिवारस्तर | टोल विकास संस्था | वर्षमा दुई पटक | अवलोकन प्रत्येक घर परिवारको छुट्टाछुट्टै मापन फाराम भरी वडा कार्यालयमा पठाउने |
| टोल/ समूदायस्तर | वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिले तोकेको, वडा समितिका सदस्यको संयोजकत्वमा वडा भित्रका टोलमा पर्ने विद्यालयको प्र.अ. स्वास्थ्य चौकी तथायुजा क्लव वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने गै.स.स. सामुदायिक संस्था/ टोल विकास संस्था, वडा समितिको कार्यालयमा कार्यरत प्राविधिक र महिला स्वास्थ्य स्वयंसेविका समेतको प्रतिनिधित्व रहेको टोली, | वर्षमा दुई पटक | अवलोकन, प्रत्येक टोलको छुट्टाछुट्टै मापन फारम भरी वडा कार्यालय मार्फत नगरपालिकामा सिफारिस साथ पठाउने |
| वडा तह | वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिले तोकेको वडा समितिका सदस्यको संयोजकत्वमा वडा भित्रका टोलमा पर्ने विद्यालयको प्र.अ., स्वास्थ्य चौकी तथा युवा क्लब/वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने गै.स.स./सामुदायिक संस्था/ टोल विकास संस्था, वडा समितिको कार्यालयमा कार्यरत प्राविधिक र महिला स्वास्थ्य स्वयंसेविका समेतको प्रतिनिधित्व रहेको टोलीमार्फत मापन गर्ने, | वर्षमा दुई पटक | अवलोकन, प्रत्येक वडाको छुट्टाछुट्टै मापन फाराम भरी नगरपालिकामा सिफारिस साथ पठाउने |

| | | | |
|---|---|---|---|
| नगरपालिका तह | जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको प्रतिनिधि, जिल्ला समन्वय अधिकारी, जिल्ला स्थित खानेपानी, शिक्षा, स्वास्थ्य, वनकार्यालयको प्रमुख एवम् जिल्ला भित्र क्रियाशील गैर सरकारी संस्थाहरुको समेत प्रतिनिधित्व रहेको टोली मार्फत मापन गर्ने | वर्षमा एक पटक | अवलोकन,<br>भूउपयोग योजना भवन संहिता तथा स्थानीय योजना दस्तावेजहरूको कार्यान्वयन अवस्थाको अध्ययन समुह छलफल, निजी क्षेत्रसँग गरिएका सम्बन्धित करार सम्झौता समेतका आधारमा प्रत्येक नगरपालिकाको छुट्टाछुट्टै मापन फाराम भरी जिल्ला सभामा सिफारिस साथ पठाउने |

**सन्दर्भ—सामग्रीहरू**

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- वातावरण संरक्षण ऐन २०७६,
- वातावरण संरक्षण नियमावली, २०७७

**सहस्राब्दी विकास लक्ष्य**

- पन्ध्रौं योजना २०७६/७७—०८०/८१
- विपद् व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८
- सरसफाइ राष्ट्रिय गुरुयोजना, २०६८

**नीति तथा कार्यक्रमहरू:**

- राष्ट्रिय वातावरण संरक्षण नीति
- राष्ट्रिय भू—उपयोग नीति
- फोहोरमैला व्यवस्थापन नीति
- राष्ट्रिय ऊर्जा नीति
- दीर्घकालीन कृषि नीति
- ग्रामीण पूर्वाधार विकास नीति
- जलवायु परिवर्तन नीति
- राष्ट्रिय अनुकूलन कार्यक्रम
- वन नीति

## अभिमुखिकरण कार्यशाला गोष्ठिका तस्बिरहरू तथा उपस्थिति







2023/12/6 15:02


वातावरणमैत्री स्थानीय शासन तर्जुमा
सम्बन्धि कार्यशाला
वातावरण मैत्री स्थानीय शासन तर्जुमा सम्बन्धी कार्यशाला
सेवा प्रदायक संस्था
शताब्दी रिसर्च सेन्टर प्र. लि. काठमाण्डौ
आयोजक
लुम्बिनी सांस्कृतिक नगरपालिका
2023/12/6 13:57


2023/12/6 14:37


2023/12/6 13:59




वातावरणमैत्री स्थानीय शासनको लागि अभिमुखीकरण कार्यक्रमको उपस्थिति

Page No.:
Date:

आज मिति २०८०।०८।२० गते लुम्बिनी सांस्कृतिक नगरपालिकाको "वातावरण मैत्री स्थानीय शासन तर्जुमा सम्बन्धी कार्यशाला" गोष्ठी नगरपालिकाका नगर प्रमुख श्री राजफहिद मुसलमानको अध्यक्षता तथा नगरपालिका कार्यपालिकाका सदस्यज्यूहरु एवं शाखा प्रमुखज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति

१. नगर प्रमुख श्री राजफहिद मुसलमान
२. उप. प्रमुख श्री कल्पना हरिजन
३. प्रमुख प्रशासकीय अधिकृत श्री रामप्रसाद सांगाली
४. वडा अध्यक्ष श्री सुरज कु. कलवार वडा नं १
५. " इन्द्रप्रताप ठाकुर वडा नं २
६. " अकबाल हुसेन मु.. वडा नं ३
७. " विनोद कु. श्रीवास्तव वडा. ४
८. " रुस्तम आलम मुसलमान वडा नं ५
९. " नइमुल हक मु. वडा नं ६
१० :" धुप यादव वडा नं ७
११ " राजेन्द्र प्रसाद जैसवाल वडा नं ८
१२ " कमल अहमद खाँ वडा नं ९
१३ " विनोद कहार वडा नं १०
१४ " अकबालहुसेन न मुसलमान वडा नं ११
१५ " हरिकेश लोध वडा नं १२
१६ : साहद अहमद खाँ वडा नं १३
१७ :- कार्यपालिका सदस्य श्री इन्दिरा मुसलमान
१८ :- " श्री चन्द्रकाली नायडोरा
१९ :- " श्री शारदादेवी चमार
२० :- आर्थिक प्रशासन शाखा प्रमुख श्री रामचन्द्र अर्याल
२१ :- विकास शाखा प्रमुख श्री सुवास घिमिरे
२२ :- पशु विकास शाखा प्रमुख श्री दुर्गा प्र. यादव
२३ :- कृषि शाखा प्रमुख श्री मनोज पौडेल
२४ . शिक्षा शाखा प्रमुख श्री लक्ष्मी पराजुली
२५ . प्रशासन शाखा प्रमुख श्री सोनालाल पौडेल
२६ . स्वास्थ्य शाखा प्रमुख श्री तुलसीराम न्यौपाने ।

Scanned with CamScanner

Page No.:
Date:

२७. पुष्पा पोखरेल
२८- चन्द्रकली सापकोटा वडा नं. ११ चन्द्रकला
२९. रुबीना मुसलमान वडा नं. ८
३० शान्ती हरिजन वडा नं. ११ शान्ती
३१ लिलाधर वस्याल न्यायिक तथा स्था.वि.को. शाखा
३२ महबुब आहमद कं. सूचना प्रविधि अधिकृत
३३. प्रदिप पोखरेल पुस्तकालय सहायक
३४. सराज मह [illegible] रोजगार सहायक
३५. सहाबुद्दीन खाँन योजना शाखा प्रमुख
३६. डब्लु हरिजन राजस्व शाखा प्रमुख
३७. शोभाराम यादव वाश/विपद्/वातावरण शाखा प्रमुख
३८. फणीन्द्र कुमार पाल सामाजिक विकास शाखा प्रमुख (पर्यटन शाखा)
३९. लक्ष्मी भट्टराई सामाजिक सुरक्षा शाखा

४०) राजु [illegible] परामर्शदाता विज्ञ।
४१) योगेश प्रसाद [illegible] परामर्श विज्ञ
४२) मोहम्मद शरीफ [illegible]
४३) मोहम्मद खुर्शिद खाँ [illegible]
४४) सन्तोषी पाण्डे (वन शाखा प्रमुख)

Scanned with CamScanner